दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २३७ | बुटवल | २०८२ भदौं ०६ गते, शुक्रबार | नेपाल संवत ११४५ | Friday August 22, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१


## भारत–चीन सहमतिप्रति संसदका सबै दलको विरोध

बुटवल। दुई छिमेकी देश भारत र चीनले नेपाली भू-भाग लिपुलेक भएर व्यापारी नाका सञ्चालन गर्ने सहमति गरेको विषयमा सत्तापक्ष र प्रतिपक्ष दलले एक स्वरमा विरोध गरेका छन्।

बिहीबारको प्रतिनिधिसभाको बैठकमा सत्तापक्ष र प्रतिपक्षी सांसदहरूले लिपुलेक, लिम्पियाधुरा र कालापनीको विषयमा भारत-चीनले गरेको सम्झौताको विरोधमा सांसदहरू एक स्वरमा सुनिएका हुन्। बिहीबारको बैठकमा सत्तारुढ दल नेकपा एमालेका मुख्य सचेतक महेश बर्तौलाले दुई ठूला देशले नेपालकै भूमि प्रयोग गर्दा नेपाललाई सहमति र स्वीकृति आवश्यक नठानेको भन्दै विरोध जनाए।

उनले भूगोल, अर्थतन्त्र र जनसंख्याको आधारमा नेपाल सानो भए पनि स्वाधिनता, सार्वभौमिकताका हिसाबले नेपाल उनीहरू जत्तिकै रहेको पनि बताए।

बर्तौलाले सरकारको तर्फबाट परराष्ट्र मन्त्रालयले आफ्नो धारणा सार्वजनिक गरिसकेको र यसलाई कूटनीतिक माध्यमबाट सम्बोधन गर्नुपर्ने बताए। त्यस्तै सत्तारुढ दल नेपाली कांग्रेसका महामन्त्रीसमेत रहेका गगनकुमार थापाले भारत र चीनले नेपालाई बेवास्ता गर्दै लिपुलेक पास भएर व्यापार सञ्चालन गर्नेगरी गरेको सहमतिप्रति आफ्नो पार्टीको गम्भीर असहमति रहेको जनाए।

उनले यो आपत्तिजनक र अस्वीकार्य रहेको समेत उल्लेख गरे।

उनले नेपाली भूमि लिपुलेकबारे भारत र चीनले गरेको सम्झौतामा सरकारले अघि बढाएको पहलकदमीमा सबैलाई समेटेर अघि बढ्न पनि आग्रह गरे।

» *बाँकी ३ पेजमा*

## एमालेको कार्यप्रति विद्या भण्डारीको प्रश्न

बुटवल। पूर्वराष्ट्रपति विद्या भण्डारीले एमालेले सदस्यता नदिएपछि पार्टीको हितमा काम गरिराख्ने बताएकी छिन्। मदन भण्डारी फाउन्डेसनको सम्पर्क कार्यालय उद्घाटन समारोहलाई सम्बोधन गर्दै उनले पार्टीले जानैपर्छ भनेपछि राष्ट्रपतिमा गएको भन्दै अब पनि एमालेकै कार्यकर्ता भएर बस्ने बताइन्।

उनले भनिन्-‘एमालेले मार्गदर्शन सिद्धान्तको रूपमा जबजलाई लिएको छ। त्यसको मर्म र भावना अनुसार हामीले काम गर्ने हो। त्यसको मर्म र भावनाअनुसार काम भएको छ कि छैन, समीक्षा गर्ने बेला भएको छ।’

२०४६/०४७ को आन्दोलनपछि बनेको अन्तरिम सरकारसहित ५० सालको चुनावदेखि एमालेले निरन्तर सरकारमा भाग लिइराखेको बताइन्।

उनले भनिन्- ‘सरकारमा भाग लिनु भनेको आफ्नो पार्टीको नीति र सिद्धान्तअनुसार काम गर्न हो। त्योअनुसार हामीले काम गर्न सक्यौँ कि सकेनौँ ? विभिन्न समयमा हामीले चर्चा गरिहरेका छौँ। आर्थिक, सामाजिक, साँस्कृतिक क्षेत्रमा हामीले काम गर्न सक्यौँ कि सकेनौँ समीक्षा गर्ने बेला भएको छ।’

सिद्धान्तअनुसार समाजलाई डोहोऱ्याउनको लागि वैचारिक मनन गरेर अगाडि बढ्नुपर्ने बताइन्। उनले पार्टीले जिम्मेवारी दिए पनि नदिए पनि आफूलाई सरोकार नभएको भन्दै एमालेको सदस्यकै रुपमा काम गरिराख्ने दोहोऱ्याइन्।

# २०६६ सालदेखि जोतभोग गर्दै आएकाले जग्गा पाउने

**लुम्बिनी संवाददाता**
*बुटवल*

२०६६ साल माघ २८ गते अगाडिदेखि जोतभोग गर्दै आएका व्यक्तिले सोही स्थानको जग्गा पाउने गरी भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन विधेयक संसदीय समितिबाट पास भएको छ।

अभिलेखमा वन, वन क्षेत्र वा बुट्यान क्षेत्र जनिएको जग्गा भएता पनि २०६६ साल माघ २८ गते अगाडिदेखि जोतभोग र बसोबास गर्दै आएको भए सोही जग्गा पाउने प्रावधान विधेयकको प्रतिवेदनमा छ।

प्रतिनिधिसभाअन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिले बिहीबार पास गरेको भूमि विधेयकको प्रतिवेदनमा यस्तो प्रावधान छ।

‘व्यवस्थापन वा संरक्षण गर्दा उक्त क्षेत्रमा रहेको स्थानीय जनताको भू स्वामित्वलाई कुनै असर नपर्ने गरी अभिलेखमा वन, वन क्षेत्र वा बुट्यान क्षेत्र जनिएको जग्गामध्ये संवत् २०६६ साल माघ २८ गते अगावैदेखि आवाद कमोतमा रहेको जग्गा मात्र यकिन गरी एकपटकका लागि पुनः नक्सांकन गरी वन क्षेत्रबाट छुट्ट्याई नेपाल सरकारको नाममा कायम गरी अद्यावधिक गर्न बाधा पर्ने छैन।’-प्रतिवेदनमा भनिएको छ।

नेकपा एमालेका सांसद सूर्यप्रसाद ढकाल भालुवाङ जस्ता क्षेत्रको समस्या समाधानका लागि यस्तो प्रावधान आवश्यक रहको बताउँछन्।

‘जहाँ आधुनिक बजार छ। जहाँ पुस्तौंदेखि बसोबास छ। त्यसलाई उठाउन पनि नसकिने र वनकै जग्गा कायम राखिरहन पनि अप्ठ्यारो हुने समस्या समाधान गर्नका लागि यस्तो प्रावधान राखिएको हो।’- सांसद ढकालले भने।

यो समयको पावन्दी भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको हकमा लागू हुनेछ।

तर, शर्तहरू लागू हुनेछन्। दुई ठाउँमा जग्गा हुने अव्यवस्थित बसोबासीले एक ठाउँमा मात्रै पाउने प्रावधान पनि विधेयकमा छ। अव्यवस्थित बसोबासीको परिवार वा व्यक्ति स्वयम्को नाममा अन्यत्र जग्गा भए/नभएको हेरिनेछ। यदि अव्यवस्थित बसोबासीको रुपमा बसिराखेको व्यक्ति वा परिवारको नाममा अन्यत्र नम्बरी वा अव्यवस्थित बसोबासीकै जग्गा रहेछ भने एक ठाउँको मात्रै पाउनेछ।

राष्ट्रिय निकुञ्ज या वन्यजन्तु आरक्ष स्थापना वा विस्तार गर्दा विस्थापित भएकाले निःशुल्क पाउने विषय पनि समेटिएको छ।



सट्टाभर्ना जग्गा पाउन बाँकी रहेका परिवारलाई एकपटकको लागि अस्थायी रुपमा बसोवास गराएको स्थान वा नेपाल सरकारले उपयुक्त ठहऱ्याएको ठाउँमा मापदण्ड बनाई सट्टाभर्ना जग्गा निःशुल्क उपलब्ध गराउने व्यवस्था विधेयकको प्रतिवेदनमा छ।

यी लगायतका प्रावधान राखेर संसदीय समितिले विधेयक पास गरेको हो।पास भएको विधेयकमा हदबन्दीभन्दा बढी जग्गा राख्न विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) र वातावरणीय अध्ययन प्रतिवेदन (ईआईए) गर्नुपर्ने प्रावधानलाई अनिवार्य गरिएको छ।

संसदीय समितिबाट पास भएको विधेयकले हदबन्दी छुटको जग्गामा बनेका घर वा अपार्टमेन्ट बेच्न पाउने बाटो पनि खुला गरिदिएको छ।

भूमि ऐन २०२१ लाई २०७६ सालमा संशोधन गरेर तत्कालीन सरकारले घर जग्गा व्यवसाय गर्नका निम्ति हदबन्दीभन्दा बढी जग्गा लिन पाउने प्रावधान खुला गरेको थियो। त्यसरी जग्गा लिएकाहरूले घर वा अपार्टमेन्ट बनाए। तर, बेच्न पाएका थिएनन्।

चियान उद्योगको लागि हदबन्दीको छुटमा राखेको जग्गा घरजग्गा व्यवसाय रुपान्तरित हुन नपाउनेलगायतका प्रावधान समेत विधेयकमा समेटिएको छ। सांसदहरूले एउटा प्रयोजनका लागि हदबन्दी छुटमा राखेको जग्गा अर्को प्रयोजनमा रुपान्तरित हुन नदिने गरी विधेयक पास गरेको बताएका छन्।

संसदीय समितिले बिहीबार पास भएको प्रावधानले हदबन्दी छुटको जग्गामा बनेका अपार्टमेन्ट बेच्ने बाटो भने खुला गरेको छ। तर यो प्रावधान लागू हुन भने अझै केही संसदीय प्रक्रिया पूरा हुन बाँकी छ।

संसदीय समितिबाट पास भएको विधेयकको प्रतिवेदन अब प्रतिनिधिसभामा जान्छ। प्रतिनिधिसभाले पारित गरेपछि राष्ट्रिय सभामा जान्छ। राष्ट्रियसभाले स्वीकार गरेपछि पुनः प्रतिनिधिसभामा आउँछ।

प्रतिनिधिसभाले राष्ट्रियसभाले संशोधन गरेको खण्डमा त्यसलाई स्वीकार गरे सभामुख हुँदै राष्ट्रपतिकहाँ पुग्छ। राष्ट्रपतिले प्रमाणीकरण गरेपछि ऐनको रुपमा कार्यान्वयनमा आउँछ।

# अन्न भण्डारमै किसानलाई मलको सास्ती



**मोहम्मद हबिब**
*भैरहवा*

रुपन्देहीको मर्चवार क्षेत्र ४ पालिकाले ओगटेको क्षेत्र हो। मुख्य पेशा कृषि रहेको सो क्षेत्रमा मुख्यतः धान, गहुँ, तरकारी खेती गर्ने गरिन्छ। अन्न भण्डारको रुपमा मानिने मर्चवारमा भने विगत केही वर्षदेखि मलखादको लागि किसानले भौतारिनु पर्ने अवस्था सृजना भएको छ।

रुपन्देही सम्मरीमाई-७ भैसागहनका ७० वर्षीय निजामुद्दीन मुसलमानले अहिलेको सिजनमा धानबालीमा मल(युरिया) हाल्न नपाएको बताउँछन्। करिब ३५ बोरा आवश्यक पर्ने मल उनले कहिले सहकारी धाउने त कहिले सीमा क्षेत्र धाउँदैमा बितेको छ। धान रोपेको एक महिना भइसक्यो मल कहिले हाल्ने भन्ने चिन्ता उनिमा सताइरहेको छ। उनी भन्छन्-‘भैरहवाको कृषि सामग्री, साल्ट्र टेडिङ्ग पनि गए तर मल पाउने संकेत देखिएन अबको बाध्यात्मक विकल्प नै भारतबाट अवैध रुपमा भित्रिएको मल नै प्रयोग गर्ने होला।’

‘पहिला पानीको समस्या थियो, अल्लाहको दुआले त्यो समाधान भयो अबको पानी पछि अति आवश्यक मलखादको समस्या छ, यो कसले समाधान गर्ने,’ उनी भन्छन्-‘सरकारले किसानहरुको लागि अतिआवश्यक मलखाद उपलब्ध गराउन नसक्नु गैर जिम्मेवार काम भएको बताउँछन्, राज्यले यो सहज व्यवस्था गर्नुको साटो किसानलाई दुःख मात्रै दिइरहेको छ।’

मर्चवारकै रमाशंकर यादव पनि सहकारीबाट मल पाइन्छ कि भन्ने आशमा लाइनमै छन्। सीमित मात्रामा आउने मलको एक-दूई बोरा पाइन्छ कि भनेर उनी सहकारी धाएको पनि महिना दिन भयो। मल आवश्यक छ १६ बोरा, तर पाइएको छ अहिले सम्म २ बोरा कुनमा हालम कुनमा नहालम भन्ने दोधारमा उनी छन्। यहाँ ९ सयमा पाइने मल ५० किलोको हुन्छ र गुणस्तर पनि, भारतबाट आउने मलको मूल्य ३ हजारसम्म तिर्नुपर्छ, ४५ किलो भनेर आउँछ ४२ किलो पनि मुस्किलले हुन्छ। गुणस्तर भने मल हालेको खेतमा गल्न पनि समय लाग्छ।

सरकारले यही व्यवस्था गरे कुनै किसान सिमा सिमा जादैनन। भारतीय सुरक्षाकर्मीले मलसहित पाए अहिले साइकल, मोटरसाइकलसहित लैजान्छन्। डण्डा खानुभन्दा यही तस्करीमार्फत् आएको गुणस्तरहीन मल प्रयोग गर्नुको विकल्प नभएको उनी बताउँछन्। अर्का किसान अमलेस चौधरी भन्छन्-‘पहिला यहाँ नपाए भारतबाट ल्याएर सहजै हाल्न पइन्थ्यो। सस्तो पनि थियो ५-७ सयमा पाइन्थ्यो। विगत २-३ वर्षदेखि मलको किल्लत मर्चवारका किसानलाई छ, तस्करको बिगबिगीले रेट बढेको छ, किसानले भन्दा गैर कृषि प्रयोजनमा मलको प्रयोग बढेपछि किसानहरुलाई झन दुःख भएको छ।’ सहकारीमार्फत् आएको मल पनि रातिदेखि नै किसान लाइनमा बस्न बाध्य छन्, थोरै हुनेलाई त एक-दुई बोराले पुग्छ धेरै हुनेलाई झन बढी दुःख छ। मागको पनि पूर्ति हुँदैन।

यी किसानहरु केवल उदाहरणीय पात्र मात्रै हुन्। रुपन्देहीको सम्मरीमाई ७ मा मात्रै ११ सय घरधुरी छ, अधिकांशको पेशा कृषि नै भएकोले यो समस्या प्रायः सबैमा छ। वडाअन्तर्गत थुप्रै गाउँहरु छन्, जसको अनुदानमार्फत् आएको मल महालक्ष्मी स्वावलम्बन बचत तथा ऋण सहकारीमार्फत् वितरण हुँदै आएको छ। बेतकुइयामा रहेको कार्यालयले अहिलेसम्म यो सिजनमा ४ पटक मात्रै मल पाएको सहकारीका व्यवस्थापक महेश लोधले बताए। ‘८ सय विघा कृषि क्षेत्र रहेको यो वडामा कम्तिमा पनि १६ सय बोरा युरिया, ८ सय बोरा डीएपी र अन्य मलहरु चाहिन्छ। माग ३ हजार बोराको छ, ४ पटकमा ८ सय बोरा पनि आएको छैन हामीले कसरी वितरण गर्ने।’-उनी भन्छन्।

४१० सहकारी सदस्य भए पनि सबै किसानलाई मल उपलब्ध गराउँदै आएको सहकारीले व्यवस्थित गर्न आफैं किसान कार्ड बनाएको छ। सम्मरीमाई ५ रोइनिहवामा रहेको भवानी स्वावलम्बन बहुउद्देस्यीय सहकारीले वडामा मलको वितरण गर्दै आएको छ। व्यवस्थापक अशोक कुमार तिवारीले यहाँ १० हजार बोरा मल आवश्यक हुँदा २ हजार पनि सिजनमा पाइदैन अनि कसरी समस्या समाधान हुन्छ। पोटासमात्रै आवश्यकअनुसार पाइएको छ। ११ टोल ९ गाउँमा करिब १५ सय घरधुरी रहेको वडामा संघीयतापछि यो मलखादको पूर्तिमा समस्या भएको छ। साल्ट ट्रेडिङ्ग र कृषि सामग्रीबाट आएको युरिया मल ९ सय रुपैयाँमा वितरण गर्दै आएका छौं। जनसंख्याको आधारमा पाइने मल टोल टोलमा बनाएको समूहले सबै किसानलाई पालैपालो वितरण गर्ने गरेको छ। समग्रमा किसान अहिले रासायनिक मलको कालोबजारीले पीडित छन्। सरकारले उपलब्ध गराउन नसकेपछि उनीहरु भारतीय मलमा निर्भरमा हुनु परेको छ। पहिला नेपालभन्दा सस्तो हुने भारतीय मल पनि अहिले कालोबजारीले बढी मूल्यमा किन्नुपर्ने बाध्यता किसानहरुको छ।

रुपन्देहीको मर्चवार, लुम्बिनी, भुलनीपुर, धकधईमा निर्वाध रुपमा भारतीय मलहरु पाइने गरेको छ। पछिल्लो समय किसानहरु मलको लागि भौतारिएपछि र सरकारले पनि पूर्णरुपमा उपलब्ध गराउन नसकेपछि सुरक्षा संयन्त्रले किसानको लागि एकाध बोरा ल्याउँदा सहजता उपलब्ध गराएको छ। सुरक्षा प्रमुखका अनुसार अवैध रुपमा व्यवसायिक रुपमा भित्रिने मलमा निगरानी गर्दै आएको बताउँछन्, उनीहरुले। सशस्त्र प्रहरी र रुपन्देही प्रहरीले थुप्रै संचिति गरेको र अवैध रुपमा ठूलो मात्रामा मल ओसारपसार गर्नेलाई कारबाहीको दायरामा ल्याएको समेत बताए।

कृषि सामग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालयले आवश्यकभन्दा कम मल आउँदा समस्या भएको जानकारी दिएको छ।


कञ्चन गाउँपालिकाको अनुरोध

डेंगीबाट बचौं र बचाऔं।

लक्षणः
- उच्च ज्वरो आउनु,
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु,
- आँखाको गेडी दुख्नु, - अत्याधिक टाउको दुख्नु,
- शरीरमा राता बिबिराहरु आउनु, -वाकवाकी लाग्नु वा वान्ता हुनु।

लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ, त्यसैलेः
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं,
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं,
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं,
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली लगाऔं,
- सुत्ने बेलामा झुल लगाएर सुतौं,
- एयर कुलर, पानी ट्यांकी, गमलामा राखिएका प्लेटहरु समयसमयमा सफा गरौं ।

‘डेंगीको उपचार भन्दा रोकथाम नै सजिलो उपाय हो।’

अनुरोधक :

कञ्चन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

दैनिक लुम्बिनी

## सम्पादकीय

# नेपालप्रतिको हेपाहा प्रवृत्ति

नेपालको भूमि लिपुलेक हुँदै दुईदेशीय व्यापार अघि बढाउनेबारे भारत र चीनबीच भएको सहमति गलत छ । यो सहमतिले दुई ठूला छिमेकीले नेपालको सार्वभौमसत्तामाथि प्रहार गरेको सतहमा आएको छ । नेपाल–भारत सीमा विवाद वर्षौंदेखि बल्झदै आएको छ । सीमा विवाद र त्यपछिका प्रतिक्रियाले नेपाल–भारत सम्बन्धलाई पनि जटिलतातर्फ लैजाने गरेको छ। नेपाल-भारतबिचको सीमा विवादमा चीन पनि मिसिएको छ।

लिपुलेक नेपाली भूमि हो । र, यो त्रिदेशीय नाका हो । यो नाकाका विषयमा दुई देशबिच सहमति हुँदा नेपाललाई बेवास्ता गर्नु नेपालप्रति उनीहरुले गरेको हेपाहा प्रवृत्ति हो । विगतमा पनि भारत र चीनले नेपाललाई छलेर आपसी सहमति गर्दै आएका थिए । पहिले दुई देशबिच सहमति भएपछि नेपालले दुवै मुलुकलाई कूटनैतिक नोट पठाएर विरोध जनाएको थियो । परराष्ट्र मन्त्रालयले दुई देशले गरेको सहमतिप्रति प्रश्न उठाउँदै विरोध गरेको विज्ञप्ति निकालेको छ ।

सीमा जस्तो संवेदनशील मुद्दामा समेत नेपालका राजनैतिक दल विभाजित हुँदै आएका छन् । अब यस्ता मुद्दामा साझा धारणा बनाएर अघि बढ्नु आवश्यक छ । प्रधानमन्त्री केपी ओलीले यसबारेमा साझा धारणा बनाउन सर्वदलीय बैठक राख्न सक्छन् । जसले राजनैतिक दल र सरकारको एउटै धारणा बनाउन सघाउ पुऱ्याउन सक्छ । मुलुकको सार्वभौमसत्ताको सवालमा सबै राजनैतिक दलको समान धारणा हुन्छ भन्ने स्थापित गराउने यो सुनौलो मौका हो । प्रधानमन्त्री ओलीले यसै महिना सुरुमा चीन र त्यसपछि भारत भ्रमण गर्दैछन् । यो भ्रमण अघि सर्वदलीय बैठकबाट तय भएको साझा धारणाले नेपालका राजनैतिक शक्ति एक छन् भन्ने सन्देश लिएर नेपालको प्रष्ट दृष्टिकोण राख्न सक्छन् । कतिपयले प्रधानमन्त्रीले भ्रमण रद्द गर्नुपर्छ भनिरहे पनि भ्रमणलाई फलदायी बनाउनु उपयुक्त हो ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सन २०१५ मा गरेको चीन भ्रमणका क्रममा भारतले हडपेको नेपालको भूमि लिपुलेक पासबाट व्यापार गर्ने सहमति भएको थियो । १५ मे २०१५ मा भारतीय प्रधानमन्त्री मोदी र चिनियाँ राष्ट्रपति सी चिनफिङले बेइजिङमा सम्झौता गरेका थिए । उक्त सम्झौतामा 'दुवै पक्ष व्यापार वस्तुको सूची वृद्धि गर्ने तथा नाथुला, किंगला, लिपुलेक नाकाबाट व्यापार विस्तार गर्ने सहमत भएका छन् भन्ने उल्लेख थियो । नेपाली भूमि हुँदै व्यापार गर्ने विषयमा जानकारी नदिई भएको सहमतिप्रति नेपालले विरोधसमेत गरेको थियो । नेपालको संसदमा यसको चर्को विरोध भएको थियो । २ नोभेम्बर २०१९ मा भारतले केन्द्रशासित प्रदेशमा जम्मुकश्मीर र लद्दाखलाई समेट्दै भारतको औपचारिक राजनीतिक नक्सा प्रकाशित गरेको थियो । अन्तर्राष्ट्रिय सिमानामा पनि फेरबदल गरेको यस राजनीतिक नक्सामा नेपालले सधैँ आफ्नो दाबी गर्दै आइरहेको लिम्पियाधुरा, लिपुलेक र कालापानीलगायतका भू–भाग पनि समेटिएका थिए । भारतको उक्त कदमप्रति असन्तुष्टि जनाउँदै नेपालले भारतलाई कूटनीतिक पत्र पठायो । तर कूटनीतिक ढंगबाट यो समस्या समाधान गर्न भारत तयार भएन ।

भारतले लिपुलेक हुँदै कैलाश मानसरोवर पुग्ने सडक सञ्जाल निर्माणको काम जारी राख्यो । त्यसबेला पनि नेपालले उक्त समझदारीको कूटनीतिक रूपमा विरोध गरेको थियो । नेपाली भूमि कालापानी, लिपुलेक हुँदै चीनतर्फ जाने मोटरमार्ग भारतले बनाउन थालेकोमा आपत्ति जनाउँदै कालापानी, लिपुलेकसहितको भूभाग नेपालको हो भन्ने अडान राखेको थियो । ६ महिनाकै फरकमा भारतलाई नेपालले दुईपटक कूटनीतिक नोट पठाएको थियो । सीमाको विषयमा भारतले जबर्जस्ती गर्दै गएपछि नेपाल सरकारले २ जेठ २०७७ मा वार्षिक नीति तथा कार्यक्रममार्फत् लिम्पियाधुरासहित नक्सा जारी गर्ने घोषणा गरेको थियो । त्यसपछि मन्त्रिपरिषद्ले ५ जेठमा गरेको निर्णयअनुसार ७ जेठमा नक्सा जारी भयो । त्यसपछि बिग्रेको नेपाल–भारत सम्बन्ध अझै लयमा जान सकेको छैन ।

अब नेपालले प्रष्ट भन्नुपर्छ – नेपाली भूमिमा छिमेकीले आँखा नलगाऊँ, हामी हाम्रो भूमिप्रति कसैको हस्तक्षेप सहदैनौं । तपाईंहरुले गरेको सहमति बेठीक छ ।

# सेयर बजार ९.२२ अङ्कले घट्यो



काठमाडौं । साताको अन्तिम कारोबार दिन बिहीबार सेयर बजार परिसूचक नेप्सेमा सामान्य अङ्कको गिरावट आएको छ । बजार खुलेदेखि नै उतारचढावपूर्ण रहेको नेप्से अन्त्यमा ९.२२ अङ्क घटेर २७५७.९७ को बिन्दुमा बन्द भएको हो ।

परिसूचकसँगै कारोबार समेत करिब ५ अर्ब रुपैयाँमा सीमित भएको छ । दिनभरमा कुल ३१९ स्क्रिपका १ करोड ६८ लाख कित्ता सेयर किनबेच हुँदा ५ अर्ब २ करोड कारोबार भएको हो ।

सर्वाधिक कमाउने कम्पनीमा विकास हाइड्रो सबैभन्दा अगाडि छ । उक्त कम्पनीमा ९.९९ प्रतिशत वृद्धिसहित सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गिरावट भने जनउत्थान सामुदायिक लघुवित्त संस्थाको ४.५६ प्रतिशत बराबर रह्यो ।

कारोबार रकमको आधारमा हिमालयन पुनर्बिमा कम्पनीले अग्रता लिएको छ । कम्पनीको २४ करोड ९५ लाख रुपैयाँभन्दा बढीको सेयर कारोबार भएको छ । त्यसपछि नेपाल पुनर्बिमा कम्पनीको २० करोड ९५ लाख रुपैयाँको कारोबार भएको छ ।

यो साता पाँच दिनमध्ये तीन दिन बजार परिसूचक घट्यो भने २ दिन बढ्यो । योसमेत गरी सातामा बजारमा ३०.३९ अङ्कको गिरावट आएको छ ।

# रौतहट नरसंभार र उप–सभामुखमाथिको अभियोग



विन बहादुर कुँवर

*अहिले यहाँ जे भइरहेको छ यो कुनै नयाँ र अनौठो छैन । माथि भने जस्तै यो सामन्ती दलाल र नोकरशाही बुर्जुवा राज्य सत्ताको प्रमुख विशेषता र चरित्र नै हो । यस्तो राजनीतिक तमसा, नौटंकी, गाइजात्रा यहाँ दिनहुँ हुने गर्दछन् । यस्तो रमिता गर्नेहरुलाई भन्दा हामी जनतालाई लाज लागेर दिनहुँ शिर निहुराउँदै हिंड्नु परेको छ । त्यही भएर यस्तो लाजले अनुसार छोप्दै हिंड्नुभन्दा यो व्यवस्था र देशका यस्ता पार्टी र नेताहरुको विरुद्ध अर्को विकल्पको खोजतिर अग्रसर हुने बेला भइसकेको छ ।*

भनिन्छ-'पाप धुरीबाट कुर्लिन्छ ।' पापलाई अपराधको अर्थमा बुझौं । त्यस्तै अर्को भनाइ छ- १२ वर्षमा खोलो पनि फर्किन्छ अर्थात् आफ्नो पुरानै बहावमा आउँछ। आज यी दुई उखान नेपालको वर्तमान र विगतको राजनीतिमा मेल खान थालेको छ । पहिलो घटना हो आज भन्दा १९ वर्ष पहिले रौतहटको गौरमा २७ जनामाथि भएको नरसंहार भने अर्को प्रतिनिधिसभाकी उप-सभामुख इन्दिरा रानालाई मानव तस्करीको आरोपमा महाअभियोग । यी दुवै घटनामाथि शुरुमा केही चर्चा भए पनि पछि विस्तारै सेलाउँदै गएका थिए । एक प्रकारले यी दुवै अपराध हटाइएको वा सकिएको थियो र अपराधी खुलम्खुला सार्वजनिक हाँकाहाँकी हिडिरहेका र एक प्रकारले सरकारी उच्च पदाधिकारी माननीय नै बनिसकेका थिए। तर अहिले फेरि यिनीहरुकै नाममा त्यो अपराधलाई ब्युँताई सर्वोच्च अदालतले पुनः छानविनको लागि तल्लो अदालतलाई परमादेश जारी गरेको छ। यसबाट अपराधीहरुको ओठ मुख तालु सबै सुकेको छ भने यसका समर्थक सबैको रुवाबासी भइरहेको छ। त्यस्तै अर्को घटनामा कांग्रेस-एमालेले उपसभामुख इन्दिरा रानामाथि अविश्वास र महाअभियोग लगाई पदबाट अपदस्त गराउने तरखरमा छन् ।

अब पहिले रौतहटमा भएको नरसंहारबारे केही चर्चा गरौं । २०६३ सालमा भर्खर लोकतन्त्रको पुर्नवहाली भएको थियो । १० वर्षे माओवादी जनयुद्ध परित्याग गरी देशव्यापी माओवादीहरुको दबदबा थियो । त्यस्तै तराई-मधेसमा मधेसी फोरमको पनि यस्तै दबदबा बढ्दै थियो । कुनै बेला फोरमका प्रमुख नेताहरु पनि माओवादी नै थिए । तर पछि भारतीय दलाल-सुराकी भएको भन्दै माओवादीहरुले फोरमका नेताहरु खासगरी उपेन्द्र यादवलाई विरोध गर्ने गरेका थिए । विरोध मात्रै होइन, जनयुद्धकालमा उनलाई भौतिक आक्रमण गरी सफाय गर्ने निर्णय माओवादीको थियो । त्यसले यी दुई पार्टीबिच ठाउँठाउँमा आक्रमण र दोहोरो झडप पनि हुने गरेको थियो । यसै क्रममा रौतहटको गौरमा एक साथ दुवै पक्षबाट प्रतिस्पर्धात्मक आमसभाको आयोजना गरे । त्यसपछि एकाएक त्यहाँ दोहोरो झडप हानाहान र कुटाकुटको थालनी भयो । त्यो क्रममा फोरमका मान्छेहरुले माओवादीका मान्छेहरुलाई चारैतिरबाट घेरी लखेटी लखेटी कुटपिट, हत्या, हिंसा मच्याउँदा त्यहाँ २७ जनाको हत्या नरसंभार भयो भने सयौं घाइते भए। यतिसम्मकि कतिपय महिलाहरुलाई नाङ्गै पारेर बलत्कार र कुटपिट समेत गरी मारियो । केही पुरुषहरुलाई पनि त्यस्तै अमानवीय क्रुर प्रकारले यातना दिई मार्ने काम भयो । त्यसमा सरकार रमिते देखियो । दुई ठूला साँडेको जुधाई बाच्छाको मिचाई भने जस्तै त्यो आयोजित कार्यक्रममा सहभागी हुन आउँदा विचरा त्यस्ता निमुखा जनताको नरसंहार भयो ।

त्यसको बारेमा पछि छानबिन आयोगहरु बने । तर दुवै पक्षका अर्थात् माओवादी र फोरमका बिच तै चुप मै चुप । सामान्य सहमतिका आधारमा त्यसलाई त्यत्तिकै छोड्ने काम भयो । तर मृतकका केही पीडितहरुको भने फोरमका नेताहरुको नामै किटान गरी प्रहरी प्रशासनमा उजुरी हाले । प्रहरीले त्यसलाई बेवास्ता गरी मुद्दा नै चलाउन मानेन । त्यसपछि ती पीडितहरुले त्यसलाई सर्वोच्च अदालतमा उजुरी गरे । आजसम्म त्यसको खासै केही निरुपण भएको थिएन । बल्ल अहिले १९ वर्षपछि सर्वोच्चले त्यसमा परमादेश जारी गर्दै छानविनका लागि मुद्दा चलाउन तल्लो अदालतमा पठाएको छ । ढिलै भए पनि सर्वोच्चको यो निर्णयलाई स्वागत नै गर्नुपर्ने हुन्छ । किनभने केही गुटगत राजनीतिक स्वार्थ र खिचातानीका कारण हुने यस्ता नरसंहारप्रति राज्यले बेवास्ता गर्दै जाने हो भने अब पनि आम जनताको जिउ ज्यान र सम्पत्ति सुरक्षाको कुनै ग्यारेन्टी नै नहुने निश्चित नै भइसकेको थियो । जानीजानी मान्छे मार्ने अनि सरकारले पाँच सात लाख रकम पीडितलाई दिने र सम्झौता गरी त्यसलाई त्यत्तिकै थन्काउँदै आइरहेको स्थिति थियो । तर अब अदालतको यो परमादेशले यस्ता अपराधलाई त्यत्तिकै मिलापत्र ढाकछोप गरी राख्ने अर्थात पीडित पक्षले उजुरी हाल्दा पनि त्यसप्रति कुनै छानविन नगरी त्यत्तिकै थन्काई दिने सरकार र दलहरुको यो गैरन्यायिक कदममाथि ब्रेक लगाउने काम गरेको छ । अन्ततः माथि पाप धुरीबाट कुर्लिन्छ, १२ वर्षमा नदी पनि आफ्नै थातमा फर्किन्छ भने जस्तै रौतहटमा भएको १९ वर्ष पहिलेको त्यो नरसंहार फेरि अब न्यायिक छानबिन र दण्ड सजायमा जाने भएको छ ।

सर्वोच्च अदालतको यो परमादेशले त्यसका अपराधीहरुको ओठ मुख-तालु सबै सुकिसकेको छ भने केही विरोधी स्वर सुनिन थालेको छ । यसलाई यिनीहरुले सरकारको राजनीतिक प्रतिशोध भन्न थालेका छन् । जसले यो अपराध गरे र गर्न लगाए उनीहरुले यो भन्नु स्वाभाविक नै छ । यो भन्ने र यसबाट बच्ने अर्को उपाय नै छैन उनीहरुका लागि । तर स्वयं आफ्नै कार्यकर्ता र नेताहरुमाथि भएको यस्तो अमानवीय बर्बर हत्या हिंसाप्रति भएको यो न्यायिक अदालती परमादेशलाई सहर्ष स्वीकारी स्वागत गर्नुपर्नेमा उल्टै माओवादीहरुले पनि यसलाई त्यही अर्थमा बुझ्नु र यसको विरोध गर्नु आफैमा उदेग लाग्दो खेदजनक छ । हुनतः १० वर्षे माओवादी जनयुद्धमा भएको १७ हजारको हत्या हिंसाबाट त कुनै विचलित नभएका प्रचण्डलाई यो मात्र २७ जनाको हत्या हिंसाले त्यसमा कुनै असर पार्ने त कुरै भएन । पछि तिनै हत्याराहरुसँग काँधमा काँध मिलाई चुनावी एकता गरेको र एउटै सरकारमा बसी रमाएको स्थितिमा अहिले सर्वोच्चको त्यो परमादेशलाई समर्थन वा विरोध केही पनि गर्नु छैन । खाली प्रचण्डको एक मात्र अर्जुन दृष्टि जसरी हुन्छ प्रम ओलीलाई सत्ताबाट पद च्यूत गराई छाड्ने मात्र रहेको छ । तर प्रचण्डको यो रवैयाप्रति माओवादीका धेरै जसो नेता कार्यकर्ताहरु खुसी छैनन् । यसमा अदालतले जे गऱ्यो सही गऱ्यो भन्नेमा छन् । अब पनि प्रचण्डको यो रवैया नबदलिए आम मधेसी माओवादी नेता-कार्यकर्ताहरुले विद्रोह गरी प्रचण्डलाई एक्लाउने छन् । प्रभु शाहको माओवादी विद्रोहलाई नै साथ दिने छन् । सौताका रिसले पोइका काखमा पिसाब भने जस्तै प्रम ओलीको रिसले अदालत र अदालतको यो परमादेशलाई समेत नकार्नुले उल्टो प्रचण्ड आफैँ एक्लिने र नाङ्गिने निश्चित छ ।

हुनतः यो सर्वोच्चको परमादेश सरकार र प्रम ओलीसितको सम्बन्धित विषय नै होइन । एक प्रकारले भन्दा फोरम र माओवादीबिचको यो नरसंहार ओलीका लागि भिरबाट लड्ने गाईलाई राम राम भने पनि काँध थाप्ने कुरै भएन र थिएन पनि । न फोरम न माओवादी पक्ष-विपक्ष । यी दुवै लडे मरे पनि ओलीका लागि हाई संचो नै भयो त्यो बेला । अब पनि त्यस्तै नै छ । तै पनि अहिले यसमा सरकार र प्रम ओलीलाई जर्बजस्ती आरोप लगाइरहँदा झन् प्रम ओली न्यायको लागि लड्ने । त्यस्ता पुराना पुराना मुद्दाहरुलाई उचाली फेरि रौतहटका ती पीडित परिवारको आँसु पुच्छ्ने न्यायकर्ता हिरो बनाउने काम प्रचण्ड-माधवहरुले गर्दै छन् । यसमा राजनीतिक पूर्वाग्रह त ओलीको होइन । स्वयं प्रचण्ड-माधव र उपेन्द्रहरुको ओलीप्रति देखिदैछ । बरु अब केही नबोली अरु जेसुकै भए पनि यो मामिलामा सर्वोच्चलाई धन्यवाद दिँदै यसका लागि वर्तमान सरकार र यसका प्रधानमन्त्री ओलीसित समेत भेट-वार्ता गरी अब धेरै ढिला भए पनि पीडित पक्षलाई न्याय र अपराधीहरुलाई हदैसम्मको दण्ड सजाय दिलाउने पक्षमा सकारात्मक भूमिका खेल्न सहयोगका लागि अनुरोध गर्दा राम्रो हुनेछ ।

अब अर्को सवाल उपसभामुख इन्दिरा रानाको । अहिले सत्ताधारी कांग्रेस- एमालेले उपसभामुख इन्दिरा रानालाई प्रतिनिधिसभाबाट हटाउनका लागि आ-आफ्ना सभासदहरुले हस्ताक्षर संकलन गरिसकेका छन् । आरोप उही पहिलेकै भिजिट भिसा मानव तस्करीको नै छ । त्यसमा पनि अहिले रातो पासपोर्ट असम्बन्धित निजी प्रयोजनका लागि उपयोगमा ल्याएको पनि थपिन पुगेको छ । जे होस् यी दुवै आरोपमा उनी दोषी नै देखिएकी छन् । तर कांग्रेस-एमालेहरुले यसको बारेमा र उनीप्रति जे जस्तो रवैया अपनाइरहेका छन् यो भने गलत छ । पहिलो कुरा त जुन दिन यो सार्वजनिक भयो त्यही बेला नै उनीमाथि यस्तो कदम अर्थात् पहिले पदबाट राजीनामा गर्न दबाब दिनु पर्दथ्यो । त्यो नगरे अविश्वास प्रस्ताव अघि बढाई निलम्बित गराइराख्नु पर्दथ्यो । त्यति गर्दा पनि नभए बल्ल महाअभियोग लगाउनेतिर ध्यान पुऱ्याउनु पर्दथ्यो । तर आजभन्दा एक वर्ष पहिले यसको बारेमा केही चर्चा मात्रै भयो यो सब केही पनि गरिएन । त्यत्तिकै छोडियो । बल्ल फेरि अहिले उनीप्रति यो जे गरिंदैछ यसका पछाडि कांग्रेस-एमालेको राजनीतिक पूर्वाग्रह र आआफ्नो दलीय स्वार्थ नै देखिएको छ । त्योभन्दा पनि अझ बढी शंका र चर्चाको विषय कांग्रेस-एमाले सभासदहरुको खाली कागजमा हस्ताक्षर संकलनको रहयो । अहिले नै त्यस्तै गोप्य र रहस्यात्मक हस्ताक्षर किन चाहिएको ? त्यो किन र केका लागि प्रत्यक्ष विषय नै नभए त्यत्तिकै एकाएक त्यस्तो हस्ताक्षर संकलन गर्नु र त्यसमा केही नजानी नबुझी देशका सम्मानित सदनका सभासदहरु त्यस्तो हस्ताक्षर गर्नु आफैमा अत्यन्त लज्जास्पद छ । पहिले पहिलेका सामन्ती, फटाहाहरुकै शैलीमा त्यस्ता जाली तमसुक र कागज बनाउने यो सामन्ती परम्परालाई अहिले पनि यी दलका नेताहरुले अपनाउन थालेको देख्दा नेपालका आम जनताको लज्जाले शिर निहुरिएको छ । यतिसम्मकी पूर्व पञ्चे दरबारिया एक सभासदले समेत यो हस्ताक्षर गराउने र गर्ने दुवै पक्षलाई सदनबाट नै धिक्कार भनेको स्थिति छ भने अझ आम अरु न्यायप्रेमी र प्रजातन्त्रप्रेमी जनताहरुका लागि यो कैयौं गुना बढी धिक्कारयोग्य नै छ । यसमा कांग्रेसी सभापति देउवा र एमाले अध्यक्ष तथा प्रम ओली मुख्य दोषी छन् । यी दुई जनाको यो लोकतन्त्र र अझ गणतन्त्र खाली हात्तीको देखाउने दाँत मात्रै भएको यसले पुष्टि गरेको छ ।

तै पनि यसमा मुख्य दोषी त उपसभामुख इन्दिरा राना र उनको सम्बन्धित पार्टी रास्वपा र यसका नेता भनौदाहरु छन् । हिजो यो जे गरिएको थियो अर्थात् उपसभामुख जस्तो गरिमामय पदीय हैसियतबाट विदेश भ्रमण गर्न जाँदा आफू साथ केही असम्बन्धित व्यक्तिहरुलाई उक्त भ्रमणका लागि जुन पक्ष अमेरिकी राजदूताबासमा पठाइयो जुन बाहिर सार्वजनिक नै भइसकेको छ । यो नै पहिलो उपसभामुखको गरिमामय पद हैसियत र नैतिकताको हरहिसाबले अत्यन्त गैर जिम्मेवार गम्भीर गल्ती हो । व्यक्तिगत रुपमा इन्दिरा राना के हुन् अर्थात् उनी महिला, जनजाति, गरिब पिछडिएकी उपेक्षित, नागरिक अभियान्ता जे भए पनि त्यो पत्राचार नेपालको प्रतिनिधिसभाका उपसभामुखको लेटर प्याड र हस्ताक्षरसहित अमेरिकी राजदूताबास पठाइएको छ । यस अर्थमा यो सिंगो राष्ट्रकै गरिमासँग जोडिएको अन्तर्राष्ट्रिय कुटनैतिक सवाल पनि हो । विदेशी कुटनैतिकहरुका सामुमा यसले दिने कुटनैतिक मर्यादा हैसियत र सन्देश के हो ? नेपाल आफैमा गरिब त्यसमा पनि यस्ता हर्कतले यहाँको राजनीतिक हैसियतको नकारात्मक चित्रण गरेको पाइन्छ । त्यसले यो गर्ने र गराउने अर्थात् गर्ने इन्दिरा राना र गर्न लगाउने रास्वपाका प्रमुख नेता त्यसमा पनि सभापति रवि लामिछानेको वास्तविक राजनीतिक चरित्र र हैसियत छर्लङ्ग नै छ । स्वयं रवि नै यस्तै किर्ते नागरिकता र सहकारी रकम ठगी आदि प्रकरणमा अहिले पनि जेल जीवन बिताइरहेका छन् । अहिले पनि यस्तै किर्ते राहदानी बनाउने थुप्रै नेपालीहरु मुद्दा चलाई जेल जीवन बिताइरहेका छन् । यस्तै काम गर्ने अरु सर्वसाधारण नागरिकलाई मुद्दा लाग्ने तर सम्मानीय उपसभामुख इन्दिरा रानाले यस्तो किर्ते काम गर्दा केही नहुने यो कस्तो राज्य व्यवस्था अनि कस्तो व्यवस्थापिका र सरकार हो ? गम्भीर प्रश्न यहाँ छ ।

त्यसैले पहिले नै केही सामान्य राजनीतिक नैतिकता भएको भए स्वयं इन्दिरा रानाले नै तत्काल पदबाट राजीनामा गरी संसदबाट बाहिरिनु पर्दथ्यो । त्यो नभए स्वयं आफ्नै दल रास्वपाले नै उनलाई पदबाट बर्खास्ती गरी सदनलाई जानकारी दिइसक्नु पर्दथ्यो । त्यसपछि बल्ल अविश्वास र महाअभियोग लगाउनेतिर जानु पर्दथ्यो । तर यो त्यतिबेला केही भएन । आ-आफ्नै पदीय सत्ताले गर्दा सबै त्यतिबेला तै चुप मै चुप भई बसे । तर अहिले फेरि जे स्वार्थले भए पनि कांग्रेस एमालेले यो विषयलाई पुनः उठाउन थालेका छन् । प्रक्रिया स्वार्थ जे भए पनि यो राष्ट्रिय र अन्तर्राष्ट्रिय देशको राजनीतिक कलंकलाई धोई पखाल गर्ने जुन प्रयास कांग्रेस-एमालेले अहिले गर्दैछन् यो सकारात्मक नै छ । त्यसैले अझै पनि केही राजनीतिक नैतिकता भए पहिलो कुरा त स्वयं उपसभामुख इन्दिरा रानाले तत्काल पदबाट राजीनामा दिउन् । कानूनमा अज्ञानता क्षम्य हुँदैन । अर्थात् यो थाहा भएन भनी कानूनले छुट दिदैन कानून बमोजिम दण्ड सजाय भोग्नै पर्दछ । यो एउटा सामान्य अनपढ अन्जान नागरिकको लागि पनि छुट हुँदैन भने माननीय उपसभामुख इन्दिरा रानाको हकमा पनि हुँदैन । त्यसैले यो गल्ती भयो राजीनामा दिन्छु र यसबाट हुने दण्ड सजाय जे हो भोग्न तयार हुँदा नै उपसभामुख इन्दिरा रानाको अझ बढी गरिमा व्यक्तित्व र सम्मान बढ्ने छ । यस्ता राष्ट्रिय मात्र होइन अन्तर्राष्ट्रिय नागरिक अभियान्तालाई यस्तो राजनीतिक विवादमा रुमलिरहनुको कुनै आवश्यकता नै छैन र सुहाउँदैन पनि । यो हाम्रो सुझाव हो । तर सुंगुरलाई स्वर्ग मन नपरे जस्तै इन्दिरा रानालाई पनि यस्तै गुन्याउने फोहरी राजनीतिक डुंगुरमै बस्ने र रमाउनमै मन परे हाम्रो के लाग्छ ?

अहिले यही विषय अर्थात् उपसभामुख इन्दिरा राना माथिको महाअभियोगलाई लिएर सत्तापक्ष र प्रतिपक्षबिच घोचपेच, आरोप प्रत्यारोप, भनाभन भइरहेको छ । सत्ता पक्षले हरेक विषयलाई आफ्नो अनुरुप गराउने र प्रतिपक्षले त्यसको विरोध गर्ने यो सामन्ती, दलाल र नोकरशाही बुर्जुवा राज्य सत्ता र व्यवस्थाको मूल चरित्र नै हो । सत्य तथ्य के हो यसको कुनै मतलब छैन । त्यही भएर माओवादी, रास्वपा, राजपा, नेकपा (एस) आदि सत्ता पक्षको यो निर्णयको विरुद्ध खरो रुपमा उत्रन थालेका छन् । उपसभामुख इन्दिरा रानाले गरेको यो गल्ती सामान्य नै हो भनी उनको बचाउमा लागेका छन् । हो-यो अपराध उनीहरुका लागि सामान्य हो किनभने स्वयं आफूहरु नै यस्ता कैयौं ठूलठूला अपराधमा डामिएकाहरुले भन्ने पनि यही नै हो । कुनै एक विधुवाले अरु कसैलाई आर्शावाद दिदा मै जस्तै भए भने जस्तै प्रचण्ड, माधव, रवि र उपेन्द्रहरुको इन्दिरालाई दिने साथ र भरोसा पनि यस्तै हो ।

अन्त्यमा यो अहिले यहाँ जे भइरहेको छ यो कुनै नयाँ र अनौठो छैन । माथि भने जस्तै यो सामन्ती दलाल र नोकरशाही बुर्जुवा राज्य सत्ताको प्रमुख विशेषता र चरित्र नै हो । यस्तो राजनीतिक तमसा, नौटंकी, गाइजात्रा यहाँ दिनहुँ हुने गर्दछन् । यस्तो रमिता गर्नेहरुलाई भन्दा हामी जनतालाई लाज लागेर दिनहुँ शिर निहुराउँदै हिंड्नु परेको छ । त्यही भएर यस्तो लाजले अनुसार छोप्दै हिंड्नुभन्दा यो व्यवस्था र देशका यस्ता पार्टी र नेताहरुको विरुद्ध अर्को विकल्पको खोजतिर अग्रसर हुने बेला भइसकेको छ ।

नाइन ए साइड फुटबल:

# विश्वशान्ति युवा क्लब क्वाटर फाइनलमा

कञ्चन। रुपन्देहीको कञ्चनमा जारी दोश्रो गौतमबुद्ध कप नाइन ए साइड फुटबल प्रतियोगिता २०८२ अन्तरगत पहिलो चरणका सम्पूर्ण खेलहरु सकिएका छन्।

गौतमबुद्ध सामुदायिक विकास केन्द्र, कञ्चन ५ चौपारी रुपन्देहीको आयोजनामा सञ्चालन भएको हिजोको पाँचौ दिनमा विश्वशान्ति युवा क्लब र सुनौलो संगम फुटबल क्लबबिच प्रतिस्पर्धा भएको थियो।

विश्वान्ति युवा क्लब र सुनौलो संगम एफ.सी. बिच भएको पहिलो चरणअन्तरगतको अन्तिम खेलमा विश्वशान्ति विजयी भएको छ। विश्वशान्तिले सुनौलो संगमलाई ३-२ गोल अन्तरले पराजित गरेसँगै विश्वशान्ति क्वाटरफाइनलमा प्रवेश गर्न सफल भएको हो।

खेलमा विश्वशान्तिका लागि विश्वास श्रेष्ठ, रोशन थापा र आशिस रानाले १-१ गोल गरेका थिए भने सुनौलो संगमका लागि विक्की राई र बसन्त थापाले १-१ गोल गरेका थिए।

विश्वशान्तिका विश्वास श्रेष्ठ म्यान अफ द म्याच घोषित भएको गौतमबुद्ध सामुदायिक विकास केन्द्रका खेल संयोजक रोशन पुनले जानकारी दिए।

हरितालिका तिजको सन्दर्भ पारेर सञ्चालन गरिएको प्रतियोगिताका विजेता टिमले १,११,१११ रुपैयाँसहित कप, मेडल र प्रमाण पत्र पाउने छन् भने उपविजेता टिमले ६६,६६६ रुपैयाँसहित कप, मेडल र प्रमाण पत्र पाउने खेल संयोजक पुनले जानकारी दिए।

यस्तै प्रतियोगिता अवधिभर उत्कृष्ट खेल प्रदर्शन गर्ने खेलाडीलाई नगद ५ हजार रुपैयाँसहित मेडल प्रदान गरिने बिधागत रुपमा उत्कृष्ट खेल प्रदर्शन गर्ने खेलाडीहरुका लागि पनि आकर्षक पुरस्कार रहेको खेल संयोजक पुनले बताए।

प्रतियोगितामा न्यू सिर्जनशिल एफ.सि. कञ्चन ४ रूपन्देही, न्यू बुद्ध स्पोर्टस क्लब वाणगंगा नगरपालिका ११, रेन्बो एकेडमी कञ्चन ३ हरैया, रुपन्देही, मुर्गिया फुटवल क्लब सैनामैना ४ रुपन्देही, योङ्ग ब्याईज देवदह, रूपन्देही, चाँदनी युवा क्लब कञ्चन १ रुपन्देही, बुद्ध सेभेन स्टार क्लब सैनामैना ११ रूपन्देही, न्यू सिर्जना युवा क्लब तिलोत्तमा १३ रुपन्देही, सुनगाभा सामुदायिक बिकास केन्द्र कञ्चन ४ रूपन्देही, ईभोलुसन क्लब तामनगर, रूपन्देही, भैसाही युवा क्लब कञ्चन ५ रुपन्देही, एम.बि. ब्रोदर्श फर्साटिकर, रूपन्देही, करङ्गे एफ.सि. कञ्चन, रूपन्देही, गौतम बुद्ध सामुदायिक बिकास केन्द्र, कञ्चन ५ रूपन्देही, सुनौलो संगम युवा क्लब कञ्चन ३ रूपन्देही, विश्वशान्ति युवा क्लब सैनामैना १० सालझण्डी गरी १६ फुटबल क्लबहरुले प्रतियोगितामा प्रतिस्पर्धा गरिरहेका छन्।

# आलोक स्मृति राष्ट्रिय म्याराथन प्रतियोगिता हुँदै

नवलपरासी । नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरमा आलोक स्मृति राष्ट्रिय म्याराथन प्रतियोगिता आयोजना हुने भएको छ। जिल्ला खेलकुद विकास समिति नवलपुरको आयोजना, प्रदेश खेलकुद परिषद् र प्रदेश एथलेटिक्स सङ्घ गण्डकीको प्राविधिक सहयोगमा प्रतियोगिता गर्न लागिएको जिल्ला खेलकुद विकास समिति नवलपुरका अध्यक्ष सेतबहादुर पुनले जानकारी दिए। जिल्लाको तीन पालिका कावासोती, मध्यविन्दु र हुप्सेकोटलाई छुने आलोक चक्रपथलाई परिक्रमा गर्ने गरी प्रतियोगिताको आयोजना गर्न लागिएको हो। कात्तिक एक गते सञ्चालन गरिने प्रतियोगितामा देशभरिबाट जम्मा २० जना खेलाडी सहभागी हुनेछन्। सात प्रदेशबाट दुई जनाका दरले चौध जना र तीन विभागीय टोलीबाट छ जना गरी २० जना खेलाडी प्रतियोगितामा भाग लिने प्रदेश खेलकुद परिषद् गण्डकीका सदस्य सचिव श्रीधर शर्माले बताए।

प्रदेश खेलकुदमार्फत् छनौट भएर सिफारिस गरिएका खेलाडी प्रतियोगितामा सहभागी हुने उनले बताए।

प्रतियोगितामा सहभागी खेलाडी बाहेक 'दौडिन्छ नवलपुर' अन्तरगत प्रतियोगिता उद्घाटन भएको दश मिनेटपछि नवलपुरसहित यस आसपासका खेलाडी, पूर्वखेलाडी, १०० जना कार्यक्रममा सहभागी भई दौडिने कार्यक्रम रहेको जिल्ला खेलकुद विकास समितिका अध्यक्ष पुनले जनाए। खेलप्रति सबैको उत्साह जगाउन यो कार्यक्रमसमेत जोडिएको उनको भनाइ छ।

कावासोती-२, मा रहेको नवदुर्गा प्रादेशिक क्रिकेट मैदानबाट प्रतियोगिता सुरु गरी नमूना सदरमुकाममा प्रस्तावित रङ्गशाला हुँदै डण्डा, हुप्सेकोटमा रहेको युनाइटेड गोल्ड कप खेल मैदान, मध्यविन्दु नगरपालिकाको चोरमारा बजारहुँदै राइनो रङ्गशाला, इटौरा, गोछडा, त्रिभुवनटार हुँदै डण्डा गैंडाचोकमा आएर दौड समापन हुनेछ। प्रतियोगीले आलोक चक्रपथ परिक्रमा गर्ने सदस्य सचिव शर्माले बताए।

प्रजातान्त्रिक योद्धा यादवनाथ न्यौपानेको (आलोक)को सम्झनामा २०५० सालमा आलोक चक्रपथ नामकरण गरी तीन पालिकालाई सडक सञ्जालले जोडेको चक्रपथ हालसम्म निर्माण हुन नसकेकाले प्रदेश तथा सङ्घ सरकारलाई ध्यानाकर्षण गराउन, यस चक्रपथ वरपरका धार्मिक तथा पर्यटकीय क्षेत्रको खेलका माध्यमबाट प्रचारप्रसार गराउन यो प्रतियोगिताको आयोजना गरिएको सदस्य सचिव शर्माले बताए।

पहिलोपटक प्रतियोगिता सुरु गर्न लागिएको प्रतियोगिताले एथलेटिक्स खेलको म्याराथनमा विकासका लागि समेत सहयोग पुग्ने उनले उल्लेख गरे।

**भारत...**

यो विषयमा पहिले पनि सबै राजनीतिक दल एक ठाउँमा उभिएको र अहिले पनि उभिनुपर्ने भन्दै उनले यसलाई कसैले पनि घरेलु राजनीतिको विषय बनाउन नहुनेमा जोड दिए।

सबै राजनीतिक दल एकै ठाउँमा उभिएर दुवै देशलाई आफ्नो भूमिमाथि आँखा लगाउने कुरा स्वीकार्य नहुने सन्देश दिनुपर्ने समेत उनको मत छ।

प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले चीन-भारतले नेपाललाई जानकारी नै नदिई लिपुलेक पासबाट व्यापार खोल्ने सहमति गरेकोप्रति आफ्नो दलको गम्भीर ध्यानाकर्षण भएको बताए।

पाण्डेले राष्ट्रिय एकताको सवालमा सभामुखले सदनलाई जानकारी गराउँदै सार्वभौमिकता तथा अखण्डताको रक्षा गर्न, नेपालको हितको पक्षमा एक जुट हुन नेपाली जनतालाई एक हुन आग्रह गर्न पनि माग गरे।

त्यस्तै नेकपा एमालेकै सांसद ठाकुर गैरेले पनि दुई देशको उक्त समझदारी आपत्तिजनक भएको बताए।

उनले प्रधानमन्त्रीको चीन र भारत भ्रमणको कुरा चलिरहँदा यसखाले समझदारी हुनु आपत्तिजनक भएको र यसको प्रतिवाद गर्नुपर्ने बताए।

नेकपा एकीकृत समाजवादीका सांसद प्रकाश ज्वालाले दुई देशको सम्झौता आपत्तिजनक भएको भन्दै खेद व्यक्त गरे।

उनले भारत र चीन यो समझदारीको अवस्थामा पुगिसक्दा पनि सरकारी तबरले कुनै जानकारी नपाउनु दुःखद् भएको बताए।

नेकपा एमालेका सांसद गोकुल बाँस्कोटाले दुई ठूला दलले नेपालमा परेड खेलेको भन्दै नेपालले आफ्नो कुरा क्लियर गर्नुपर्ने जनाए।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद शिव नेपालीले लिपुलेक र कालापानीको भू-भाग छिमेकी देशले प्रयोग गर्ने समझदारी भएको जानकारीबारे सरकारले तत्काल कूटनीतिक तबरले कुराकानी गर्नुपर्ने बताए।

नेकपा माओवादी केन्द्रकी सांसद छिरिङ ल्हामु लामा तामाङले प्रधानमन्त्रीको अघिल्लो कार्यकालको समयमा चुच्चे नक्सा जारी गरेको र अहिले त्यसको ब्याज खाइरहेको आरोप लगाइन्।

उनले प्रधानमन्त्री साँच्चिकै राष्ट्रवाद हो भने आफैँले जारी गरेको चुच्चे नक्सालाई अपमान हुने गरी भारत र चीनले गरेको सम्झौताप्रति आपत्ति जनाउँदै अब हुने भनिएको भारत र चीन भ्रमण स्थगित गर्न पनि आग्रह गरिन्।

प्रधानमन्त्रीको राष्ट्रवादमा आशंका व्यक्त गर्दै उनले थपिन्-'यदि प्रधानमन्त्रीले अघिल्लो कार्यकालमा प्रचार गरे जस्तै हो भने यही कारणले भारत र चीन भ्रमण स्थगित गर्न आग्रह गर्दछु। होइन भने प्रधानमन्त्रीको नक्कली र खोक्रो राष्ट्रवाद उदांगो हुने अवस्था आएन र ?'

प्रेम सुवालले भारतले १९५४ बाटै व्यापार गरेको भन्ने दाबी औचित्यहीन भएको बताए। उनले यस विषयमा नेपाल सरकारकै कमजोरी पनि औंल्याएका छन्। सरकारले नेपालको चुच्चे नक्सा संयुक्त राष्ट्रसंघलाई जानकारी गराएको-नगराएको विषय प्रश्न सोधे।

संयुक्त राष्ट्रसंघलाई नेपालको चुच्चे नक्साबारे जानकारी नगराउनु आजसम्मका प्रधानमन्त्री र परराष्ट्रमन्त्रीको कमजोरी होकि होइन ? भन्दै सुवालले प्रश्न पनि गरे।

उनले प्रधानमन्त्रीलाई भारत भ्रमणको निम्तो आएको विषयमा पनि प्रश्न गरे। त्यस्तै सांसदहरू पूर्णबहादुर घर्ती, ईश्वरबहादुर रिजाल, ईश्वरी न्यौपाने, देवेन्द्र पौडेललगायतले यस विषयमा सरकारको ध्यानाकर्षण गराएका थिए।

परराष्ट्र मन्त्रालयले बुधबार साँझ लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भूभाग रहेको र भारत सरकारलाई उक्त क्षेत्रमा सडक निर्माण, विस्तार, सीमा व्यापारजस्ता कुनै पनि क्रियाकलाप नगर्न आग्रह गर्दै आएको जनाएको थियो।

नेपाली भूमि लिपुलेक हुँदै भारत-चीनबिच सीमा व्यापारका विषयमा मिडियाबाटसोधिएकाप्रश्नका सम्बन्धमा परराष्ट्र प्रवक्ताको जवाफ भन्दै मन्त्रालयले जारी गरेको तीनबुँदे वक्तव्यमा नेपालको आधिकारिक नक्सा समावेश भइसकेको क्षेत्रबारे भारत र चीन दुवै देशलाई जानकारी गराइसकेको पनि उल्लेख गरेको छ।

'नेपालको संविधानमा नेपालको आधिकारिक नक्सा समावेश भइसकेको र उक्त नक्सामा महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भू-भाग रहेको तथ्यमा नेपाल सरकार स्पष्ट छ।'- मन्त्रालयले पहिलो बुँदामा लेखेको छ।

त्यस्तै दोस्रो बुँदामा नेपालको अडान स्पष्ट पार्दै भनिएको छ-'नेपाल सरकारले भारत सरकारलाई उक्त क्षेत्रमा सडक निर्माण/विस्तार, सीमा व्यापार जस्ता कुनै पनि क्रियाकलाप नगर्न आग्रह गर्दै आएको व्यहोरा पनि विदितै छ। उक्त क्षेत्र नेपाली भू-भाग रहेको विषय मित्रराष्ट्र चीनलाई समेत जानकारी गराइसकिएको बेहोरा पनि अवगत नै छ।'

तेस्रो बुँदामा नेपालले कूटनीतिक माध्यमबाट यस मुद्दामा समाधान खोज्न तयार रहेको पनि स्पष्ट पारेको छ।

'नेपाल-भारतबिचरहीआएको घनिष्ठ र मैत्रीपूर्णसम्बन्धको मर्म र भावनाअनुसार ऐतिहासिक सन्धि-सम्झौता, तथ्य, नक्सा र प्रमाणको आधारमा दुवै देशबिचको सीमा समस्या कूटनीतिक माध्यमबाट समाधान गर्न नेपाल सरकार प्रतिबद्ध रहिआएको छ।'- वक्तव्यमा लेखिएको छ।

त्यस्तै भारतले उक्त वक्तव्यको जवाफ दिने शैलीमा ती भू-भाग भारतकै भएको भन्दै विज्ञप्ति जारी गरेको छ।

बुधबार साँझ नै भारतले जारी गरेको वक्तव्यमा भनिएको छ-'भू-भागसम्बन्धी दाबीहरू न त उचित छन्, न त ऐतिहासिक तथ्य र प्रमाणमा आधारित छन्। कुनै पनि एकपक्षीय ढंगले कृत्रिम रूपमा दाबी गर्नु अस्वीकार्य छ। नेपालसँग सहमति भएका बाँकी सीमासम्बन्धी मुद्दाहरू समाधान गर्न भारत संवाद र कूटनीतिक बाटोप्रति सधैँ खुला रहन्छ।'

## श्री जनता प्राथमिक विद्यालय

**प्रतापपुर-गा.पा.२ घोडहा नवलपरासी, नेपाल**

## शिक्षक आवश्यकता

मितिः २०८२/०५/०३

प्रस्तुत विषयमा यस विद्यालयको मिति २०८१/१२/१७ गतेको वि.व्य.स.को निर्णय अनुसार रिक्त रहेको प्रा. वि. तहको राहत अनुदानकोटामा शिक्षक पद पूर्तिका लागि प्रतापपुर गाउँपालिकाको च.न. १४८ मिति २०८२/०४/२२ गतेको प्राप्त विज्ञापन अनुमति पत्र तथा यस विद्यालयको मिति २०८२/०४/२९ गतेको वि.व्य.स. को निर्णयअनुसार उक्त प्रा.वि. तहको राहत अनुदानकोटामा करार शिक्षकको आवश्यकता भएको हुनाले १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको इच्छुक नेपाली नागरिकहरुले तपसिल अनुसारको आवश्यक कागजातहरुको प्रतिलिपि सहित मिति २०८२/०५/१७ गते दिउसो ४:०० बजे भित्र दरखास्त आव्हान गरिन्छ।

**तपसिल :**

१. **विज्ञापन नं.** १/०८२/८३ २ **संख्या** शिक्षक / १(एक)
३. **तह/नियुक्तिको किसिम** प्रा.वि./ राहत अनुदानकोटाको करार ४. **योग्यता** (+२) वा सो सरह उतिर्ण गरेको।
५. **तलब** - नेपाल सरकारले तोकेबमोजिम। ६. **परीक्षाको किसिम** लिखित, मौखिक, आवश्यक भए प्रयोगात्मक।
७. **दरखास्त दस्तुर** रु.१०००/- (एक हजार रुपैया मात्र )
८. **संलग्न गर्नुपर्ने कागजातहरु** - (क) नागरिकताको प्रतिलिपि (ख) शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि (ग) स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि (घ) निरोगिता प्रमाण पत्र (ङ) हस्तलिखित निवेदन।
९. **दरखास्त दिने अन्तिम मिति** २०८२/०५/१७ गते दिउसो ४:०० बजे भित्र।
१०. **सम्पर्क मिति** २०८२/०५/१७ गते दिउसो ५:०० बजे सम्म।
११. **परीक्षाको मिति** सम्पर्क मितिको दिन तोकिनेछ।
१२. शिक्षक सेवा आयोगबाट करार नियुक्तिका लागि सिफारिस भएका करार योग्यता क्रम उम्मेदवारको दरखास्त आएमा योग्यता क्रमको आधारमा (नियुक्ति गरिनेछ )।

**नोटः दरखास्त दिने अन्तिम दिनमा सार्वजनिक/स्थानीय विदा परेमा त्यसको भोलिपल्ट सम्म आवेदन दिन सकिनेछ, थप जानकारीको लागि विद्यालयको फोन नं. ९८६८३३०५८४, ९८२१९७१६१४ मा सम्पर्क गर्ने सकिनेछ।**

**प्रधानाध्यापक**

## छत्रदेव गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**छत्रगञ्ज, अर्घाखाँची, लुम्बिनी प्रदेश, नेपाल**

## आशय पत्र आह्वानको सूचना !

**सूचना नं. २/कृषि/पशु/२०८२/०८३**

प्रथम पटक प्रकाशित मितिः २०८२/०५/०६

छत्रदेव गाउँपालिकाले निजी क्षेत्र तथा गैरसरकारी संघ संस्थासँग साझेदारीमा काम गर्ने उद्देश्यले छत्रदेव गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ बमोजिम चालु आ.व. २०८२/८३ देखि सालबसाली बहुवर्षीय रुपमा कार्यविधिको परिच्छेद २ (ग र ढ) मा उल्लिखित साझेदारीको क्षेत्रमा काम गर्न इच्छुक आवश्यक योग्यता पुगेका निजी क्षेत्र तथा गैरसरकारी क्षेत्रका व्यक्ति वा संस्थाहरुबाट यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो संस्थाको आशय पत्र पेस गर्न आह्वान गरिएको छ। यस सम्बन्धी विस्तृत विवरण गाउँपालिकाको वेभसाइट www.chhatradevmum.gov.np बाट डाउनलोड गर्न वा छत्रदेव गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने छ।

**आशयपत्रका साथ संलग्न हुनुपर्ने कागजातहरुः**

१. कार्यक्रमको विस्तृत विवरणः
२. कार्यक्रम सम्पन्न हुने अवधिः
३. मुख्य कामको विवरणः
४. कार्य अनुभवः
५. आशयपत्र पेस/सम्बन्धी निवदेन,
६. संस्थाको दर्ता, नवीकरण, करचुक्ता, स्थायी लेखा नम्बर, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवदेन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा) लगायतका कागजातहरुको प्रमाणित प्रतिलिपि,
७. साझेदारीका लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्न सक्ने प्रतिबद्धता पत्र,
८. संयुक्त उपक्रममा कार्य गर्ने संस्थाहरुको हकमा दुवै संस्थाबिचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल प्रति,
९. प्रस्तावना पेस गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
१०. संस्था कालो सूचीमा नपरेको स्वःघोषणा पत्रको सक्कल प्रति,
११. व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण (प्रोफाईल),
१२. विगत तीन वर्षमा काम गरेको समान प्रकृतिको काम र संस्थाको विवरण। व्यक्तिगत आशयपत्रदाताको हकमा विगत चार वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण,
१३. प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण,

आशय पत्रदाताको आशयपत्र छत्रदेव गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ को दफा ११, १२ र १३ बमोजिमका आधारमा मूल्याङ्कन गरिनेछ।

**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
**मालपोत कार्यालय**
**बाणगंगा, बोडगाउँ, कपिलवस्तु**
**प्रकाशित मिति :- २०८२।०५।०६**

## मालपोत कार्यालय, बाणगंगा, कपिलवस्तुबाट प्रकाशित हकदावी सम्बन्धी ३५ (पैतिस) दिने सार्वजनिक सूचना।

जिल्ला अर्घाखाँची साविक नरपानी गा.वि.स. वडा नं. १ भई, त्यहाँबाट बसाई सराई गरी जिल्ला क.ब. बाणगङ्गा न.प्र. वडा नं. ७ मोतिपुर, आदर्श टोल निवासी लाल विर विश्वकर्माको नाती, कृष्ण वीर विश्वकर्माको छोरा मूल पुरुष बल बहादुर विश्वकर्मा सुनार २०६४/०३/३१ मा परलोक भएको, निजका दुइ पत्नी जेठी धन कुमारी विर्श्वकर्मा सुनार र कान्छी टिका देवी विश्वकर्मा रहेका, जेठी पत्नी तर्फ चार छोरीहरु क्रमशः गीता वि.क., विष्णु विश्वकर्मा, पार्वती सुनार र सङ्गीता बराली बाहेक अरु कुनै छोराको जायजन्म नभएको र कान्छी पत्नी तर्फ एक छोरा र एक छोरी ( छोरी विवाह भई गएको) जन्म भएको, जसमध्ये कान्छी पत्नी टिका देवी विश्वकर्माले सौता धन कुमारी विश्वकर्मा सुनारसँग संयुक्तमा रहेको जग्गा मध्येबाट आफ्नो हक हिस्साको जग्गा दर्ताफोड गरि छुट्टि भिन्न भई बसेको, जेठी पत्नी धन कुमारी विश्वकर्मा सुनारका नाउँमा जिल्ला क.व. साविक मोतिपुर वडा नं. २क कि.नं. ३८८४ क्षेत्रफल ०-०-११-२ बाँकी रहेको, यसमा ज.ध. धन कुमारी विश्वकर्मा सुनार २०८१/०५/२० मा परलोक भएको, निज जिवित रहँदासम्म सेवा संभार रेखदेख तथा मृत्यु पश्चात सामाजिक परम्परा अनुसार सदगद काजक्रिया दानपुण्य समेत चार छोरीहरुले गरेको, मृतक ज.ध. धन कुमारी विश्वकर्मा सुनारको शेषपछि नजिकको हकवाला आफू चार जना छोरीहरु बाहेक अरु कोही नरहेको भनी ७ नं. वडा कार्यालय, मोतिपुर, बाणगंगा न.पा.को मिति २०८२/०५/०१ च.नं. २२६ बाट समेत सिफारिस भई आएको हुँदा मृतक ज.ध. धन कुमारी विश्वकर्मा सुनारका नाममा दर्ता कायम रहेको जिल्ला क. व. साविक मोतिपुर गा.वि.स. वडा नं. २क कि.नं. ३८८४ क्षेत्रफल ०-०-११-२ जग्गा तीन छोरीहरुका मञ्जुरी भई कान्छी छोरी सङ्गीता बरालीका नाउँमा एकलौटी नामसारी गरिपाउँ भनि मिति २०८२।०५।०१ द.नं.२४९ को माग दावी निवेदनका सम्बन्धमा मृतक ज.ध.को अपुताली खाने नजिकको हकवाला अरु कोही भएमा, निवेदकको नाऊँमा उपरोक्त कित्ता एकलौटी नामसारी गर्न नमिल्ने कुनै कारण भएमा, यस पूर्व कसैले उक्त कित्ता जग्गाको नामसारी / हक हस्तान्तरको मिसिल खडा गरी प्रक्रियामा रहेको भएमा, सरकारी, सार्वजनिक, गुठी, ऐलानी पर्ति जग्गा घुसेमा / नोक्सानी हुने भएमा, कसैको हकदैया वा स्वामित्वमा असर पर्ने भएमा वा कुनै बैक / वित्तीय संस्था वा सरकारी निकायबाट वा व्यक्ति विशेषबाट रहेको रोक्कालाई असर पर्ने भएमा यो सूचना टाँस मितिले ३५ (पैतिस) दिन भित्र स-प्रमाण समेत यस कार्यालयमा उजुरी गर्नुहोला। सूचना टाँस भएको म्याद भित्र उजुर नगरेमा निम्न लिखित कित्ता जग्गा निवेदकका नाउँमा कानून बमोजिम नामसारी भई जानेछ। पछि कसैको कुनै उजुर नलाग्ने व्यहोरा समेत जानकारीको लागि सूचना गरिएको छ।

## कान्ति माध्यमिक विद्यालय

**बुटवल-४, रूपन्देही**

## विषय : शिक्षक/कर्मचारी आवश्यकता।

**प्रकाशित मिति : २०८२।०५।०६**

प्रस्तुत विषयमा यस कान्ति माध्यमिक विद्यालय, बुटवल-४, रुपन्देहीमा विद्यालय स्रोतबाट तपसिलको विषय र तहमा शिक्षक/कर्मचारीहरूको पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट रितपूर्वक दरखास्त आह्वान गरिन्छ।

| क्र.स. | विषय/तह/पद | सिट संख्या | योग्यता |
|---|---|---|---|
| १ | गणित / प्राथमिक तह | १ जना | सम्वन्धित विषयमा कक्षा १२ उत्तीर्ण |
| २ | गणित र विज्ञान / प्राथामिक तह | २ जना | सम्वन्धित विषयमा कक्षा १२ उत्तीर्ण |
| ३ | सामाजिक / प्राथमिक तह | २ जना | सम्वन्धित विषयमा कक्षा १२ उत्तीर्ण |
| ४ | संस्कृत र नेपाली / नि.मा. तह | १ जना | सम्वन्धित विषयमा कक्षा १२ उत्तीर्ण |
| ५ | विज्ञान / नि. मा. तह | २ जना | सम्वन्धित विषयमा कक्षा १२ उत्तीर्ण |
| ६ | सामाजिक / नि.मा. तह | २ जना | सम्वन्धित विषयमा कक्षा १२ उत्तीर्ण |
| ७ | गणित र विज्ञान / नि. मा. तह | १ जना | सम्वन्धित विषयमा कक्षा १२ उत्तीर्ण |
| ८ | अंग्रेजी / नि. मा. तह | १ जना | सम्वन्धित विषयमा कक्षा १२ उत्तीर्ण |
| ९ | नेपाली / नि. मा. तह | १ जना | सम्वन्धित विषयमा कक्षा १२ उत्तीर्ण |
| १० | विज्ञान / माध्यमिक तह, कक्षा ९ र १० | १ जना | सम्वन्धित विषयमा स्नातक तह उत्तीर्ण |
| ११ | सामाजिक / माध्यमिक तह, कक्षा ९ र १० | १ जना | सम्वन्धित विषयमा स्नातक तह उत्तीर्ण |
| १२ | गणित / माध्यमिक तह, कक्षा ९ र १० | १ जना | सम्वन्धित विषयमा स्नातक तह उत्तीर्ण |
| १३ | रसायन शास्त्र / माध्यमिक तह कक्षा ११ र १२,दिवा पूर्णकालीन | १ जना | सम्वन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण (अर्गानिक) |
| १४ | अंग्रेजी / माध्यमिक तह कक्षा ११ र १२, दिवा पूर्णकालीन | १ जना | सम्वन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण |
| १५ | अर्थशास्त्र / माध्यमिक तह कक्षा ११ र १२ विहानी सत्र पूर्णकालीन | १ जना | सम्वन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण |
| १६ | कम्प्युटर / माध्यमिक तह कक्षा ११ र १२ दिवा आंशिक | १ जना | सम्वन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण |
| १७ | स्वास्थ्य तथा शारीरिक / माध्यमिक तह, कक्षा ११ र १२ विहानी सत्र आंशिक | १ जना | सम्वन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण |
| १८ | होटल व्यवस्थापन / माध्यमिक तह कक्षा ११ र १२ बिहानी र दिवा सत्र आंशिक | १/१ जना | सम्वन्धित विषयमा BHM उत्तीर्ण |
| १९ | लाइब्रेरियन (ई-लाइब्रेरी समेत) | १ जना | कम्प्युटर विषयमा स्नातक तह उत्तीर्ण |
| २० | ल्याव एसिष्टेन्ट | १ जना | विज्ञान विषयमा कक्षा १२ उत्तीर्ण |
| २१ | स्टोर किपर | १ जना | कक्षा १२ उत्तीर्ण (व्यवस्थापन) |

परीक्षाको किसिम : शिक्षक : लिखित, अन्तरवार्ता र कक्षा अवलोकन।
कर्मचारी : लिखित र अन्तरवार्ता, प्रयोगात्मक
परीक्षा दस्तुर : माध्यमिक तह शिक्षक रु. १०००।- र अन्यको हकमा रु.७००।-
आवश्यक कागजात : - शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपि।
- नेपाली नागरिकताको प्रतिलिपि।
उमेरको हद : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
सेवा, सुविधा :विद्यालयको नियमानुसार।
निवेदन दिने अन्तिम मितिः २०८२।०५। १३ गते शुक्रबार दिउँसो २ बजेसम्म।
परीक्षा हुने मितिः २०८२।०५। १४ गते शनिबार बिहान १० बजेदेखि।

**अन्य जानकारीका लागि विद्यालयमा सम्पर्क राख्नुहोला।**

**गोविन्द ज्ञवाली**
**प्रधानाध्यापक**
**सम्पर्क : ९८५७०३६२११**

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी



**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

# लुम्बिनी प्रदेश पूर्णखोप सुनिश्चित र दिगोपना घोषणा



लुम्बिनी । लुम्बिनी प्रदेशलाई पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको छ । मुख्यमन्त्री चेतनारायण आचार्यले बिहीबार प्रदेश राजधानी राप्ती उपत्यका (देउखुरी) मा आयोजित विशेष समारोहमार्फत् लुम्बिनी प्रदेशलाई पूर्णखोप सुनिश्चित तथा दिगोपना कायम भएको घोषणा गरेका हुन् ।

लुम्बिनी प्रदेशमा आर्थिक वर्ष २०८१/०८२ मा घरधुरी सर्वेक्षणमार्फत् १६ देखि २३ महिनासम्मका ७० हजार ५१८ बालबालिकालाई १५ महिनाभित्र पाउनु पर्ने सबै खोप प्राप्त भएको सुनिश्चित गरिएको छ । यस क्रममा शून्य मात्रा भएका ६९ र खोप छुट भएका २ हजार ३ सय ८७ बालबालिकालाई पनि खोजी गरी खोप लगाइएको थियो ।

जिल्लागत विवरणअनुसार सबैभन्दा धेरै ड्रप आउट बाँकेमा ७ सय ६२, कपिलवस्तुमा ६ सय ५२ र रुपन्देहीमा ४ सय ४४ रहेको छ भने रुकुमपूर्वमा शून्य ड्रप आउट देखिएको छ ।

पूर्णखोप अभियानअन्तर्गत २०८२ जेठ ८ मा नवलपरासी पश्चिमबाट दिगोपना घोषणा सुरु भएको थियो । यसपछि क्रमशः रोल्पा, पाल्पा, कपिलवस्तु, बाँके, रुपन्देही, प्यूठान, रुकुमपूर्व, दाङ, गुल्मी, बर्दिया र अन्त्यमा २०८२ असार २७ मा अर्घाखाँचीमा घोषणा गरिएको हो । लुम्बिनी प्रदेशका सबै १२ जिल्लामा पूर्णखोप सुनिश्चितता तथा दिगोपना कायम भएपछि राष्ट्रिय खोप समन्वय समितिले भेरिफिकेशन गरी प्रदेशलाई पूर्णखोप सुनिश्चित प्रदेश घोषणा गर्ने अनुमति दिएको थियो ।

घोषणा सभालाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले बालबालिका खोप सेवा लिनबाट बञ्चित हुन नपरोस् भन्नेगरी अभियान केन्द्रित गरिनुपर्ने बताए । प्रदेश सरकारले लिएको लक्ष्य प्राप्तिका लागि प्रतिबद्धताका लाग्ने सबैलाई धन्यवाद दिँदै आगामी दिनमा पनि कुनै बालबालिका खोप सेवाबाट वञ्चित नहोस् भन्ने उद्देश्यका साथ निरन्तर लागिरहन अनुरोध गरे ।

लुम्बिनी प्रदेशका स्वास्थ्यमन्त्री खेमबहादुर सारुले २०७९ भाद्र ३१ गते नेपालकै दोश्रो पूर्णखोप प्रदेश पहिलो पटक घोषणा भएको र त्यसपश्चात् निरन्तर प्रत्येक वर्ष सुनिश्चितता तथा दिगोपना गर्दै आएको बताए । मातृमृत्यूदर, शिशुमृत्युदर र पोषणलाई स्वास्थ्य मन्त्रालयले विशेष प्राथमिकता दिएर काम गरिरहेको बताउँदै स्वास्थ्यका नकारात्मक सुचकहरुलाई न्यूनीकरण गर्ने विषयमा लुम्बिनी प्रदेशले प्रगति गरिरहेको स्पष्ट पारे ।

राष्ट्रिय खोप समन्वय समिति सचिवालयका अध्यक्ष एवं स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. विकास देवकोटाले लुम्बिनी प्रदेशका स्वास्थ्य सचिव दुर्गालक्ष्मी श्रेष्ठलाई पूर्णखोप सुनिश्चितता प्राप्त प्रदेश भएको प्रमाणपत्र हस्तान्तरण गरे । कार्यक्रममा मुख्यमन्त्री आचार्य, स्वास्थ्य मन्त्री सारुलगायत सहभागीहरुले प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेका थिए ।

कार्यक्रममा अभियानलाई सहयोग गर्ने पाँच स्वास्थ्यकर्मी ओमप्रकाश पन्थी, दीपाकरकुमार महर्जन, जनकराज गिरी, चिन्तामणी ज्ञवाली र हरिप्रसाद आचार्यलाई सम्मान गरिएको थियो ।

# निजी विद्यालय सञ्चालकको प्रदर्शन

बुटवल । निजी विद्यालयका संगठन प्याब्सन, एनप्याब्सन, हिसान र अपेन लगायतले ५ बुँदे माग अघि सार्दै काठमाडौंको माइतीघर मण्डलामा प्रदर्शन गरेका छन् । विद्यालय शिक्षा विधेयकलाई अन्तिम रूप दिने तयारी भइरहेका बेला निजी विद्यालय सञ्चालकहरूले प्रदर्शन गरेका हुन् ।

'गैरनाफामूलक चाहिँदैन, कम्पनी मास्न पाइँदैन', 'पूर्ण छात्रवृत्ति लाद्न पाइँदैन, निजी विद्यालय मास्न पाइँदैन', 'निजी विद्यालयको योगदान, मजबुत अर्थतन्त्रको निर्माण', 'अभिभावकको पहिलो रोजाइ, निजी विद्यालयको पढाइ' लगायतका प्लेकार्ड बोकेर उनीहरूले प्रदर्शन गरेका हुन् ।

कम्पनी ऐनअन्तर्गत दर्ता भएका विद्यालयलाई गैरनाफामूलक बनाउने भन्ने व्यवस्था हटाउनुपर्ने, पूर्ण छात्रवृत्तिबाट पोशाक, स्टेसनरी, शैक्षिक सामग्री र खाजा उपलब्ध गराउनुपर्ने, छात्रवृत्तिसम्बन्धी अधिकार स्थानीय तहलाई दिने भन्ने व्यवस्था हटाएर विद्यालयलाई नै दिनुपर्नेलगायत माग उनीहरूले राखेका छन् । उनीहरूले माग सम्बोधन नभए ८ भदौदेखि निर्णायक आन्दोलन गर्ने चेतावनी दिएका छन् ।

शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको जारी बैठकमा विवादित विषय टुंगो लगाएर विधेयक पारित गर्ने तयारी गरिएको छ । निजी विद्यालयलाई गैरनाफामूलक बनाउने र विद्यार्थीलाई पूर्ण छात्रवृत्ति दिनुपर्ने व्यवस्थामा विवाद छ ।

शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले निजी विद्यालयहरुलाई क्रमशः गैरनाफामूलक बनाउने र १० देखि १५ प्रतिशत पूर्ण छात्रवृत्ति दिनुपर्ने व्यवस्थामा सहमति जुटाएको छ ।

शिक्षामन्त्री रघुजी पन्तले २.५० प्रतिशत विद्यार्थीलाई आवास सुविधा दिनुपर्ने प्रस्ताव गरेका छन् । कतिपय सांसदहरूले १० प्रतिशतलाई आवास सुविधा हुनुपर्ने धारणा राखेका छन् ।

केही सांसदहरूले निश्चित अवधि तोकेर निजी विद्यालयलाई गैरनाफामूलक गुठीमा लैजानुपर्ने भन्दै संशोधन दर्ता गराएका थिए । तर समितिले वर्ष नतोकी क्रमशः गैरनाफामुलक बनाउँदै लैजाने भन्नेमा सहमति जुटाएको छ ।

# 'स्वस्थ मुख महाअभियान' सुरु




बुटवल । बुटवलमा एकमहिने स्वस्थ मुख महाअभियान सुरु गरिएको छ । अभियानको एक विशेष समारोहका बिच बुधबार लायन्स इन्टरनेसनल डिष्ट्रिक्ट ३२५ पी नेपालका गभर्नर बालाराम भट्टराईले शुभारम्भ गरेका हुन् ।

सो अवसरमा डिष्ट्रिक गभर्नर भट्टराईले सामाजिक क्रियाककलापहरु गर्दै आएका क्लबहरूले अहिलेसम्म स्वास्थ्यसम्बन्धी कार्यक्रममा मुख स्वास्थ्यलाई बेवास्ता गरिएको हुँदा यसपटक यसलाई प्राथमिकतामा राखिएको बताए । समाजबाट केही पाएर नै हामी आज यो ठाउँमा पुगेको भन्दै उनले समाजका लागि पनि केही गर्नुपर्छ भन्ने मान्यताका साथ मुख स्वास्थ्य अभियान सञ्चालन गरिएको उल्लेख गरे ।

कार्यक्रममा मुख स्वास्थ्य अभियान्ता एवं आधुनिक समाज डेन्टल केयर प्रा.लि. बुटवलका अध्यक्ष अमृत भुसालले मुख स्वास्थ्यको महत्वसहितको सचेतना जगाउन र मुख रोगमा कमि ल्याउन स्वस्थ मुख महाअभियान सुरु गरिएको जानकारी गराए ।

'स्वस्थ शरीरको लागि स्वस्थ मुख' भन्ने मुल नारा र 'पैसाको अभावमा कसैले दुखाइ सहन नपरोस्, पैसाकै अभावमा कोही मुस्कुराउन नबिर्सियोस्' भन्ने मर्मका साथ महाअभियान सञ्चालन गरिएको उनले बताए । महाअभियानमा मुखको निःशुल्क परीक्षण गर्ने, गिंजा र दाँत सफा गर्ने, ब्रस गर्ने सही तरिका सिकाइनेछ ।

आधुनिक समाज डेन्टल केयरको प्राविधिक सहयोग एवम् लायन्स क्लब अफ रुपन्देही, रोटरी क्लब अफ लुम्बिनी स्टार्स, दारी ग्याङ र आधुनिक समाज विकास फाउन्डेशनको संयुक्त आयोजनामा भएको महाअभियान भदौ ४ गतेदेखि असोज ५ गतेसम्म सञ्चालन हुने लायन्स क्लब अफ रुपन्देहीका अध्यक्ष घनश्याम घिमिरेले जानकारी दिए ।

महाअभियानअन्तर्गत पहिलो चरणको १ महिनाको अवधिमा करिव ३० हजार जनाको निःशुल्क मुख स्वास्थ्य परीक्षणसँगै स्वस्थ मुखसम्बन्धी प्रशिक्षण दिइने रोटरी क्लब अफ लुम्बिनी स्टार्सका चार्टर्ड प्रेसिडेन्ट यादव भण्डारीले बताए ।

बुटवल पुष्पलाल पार्कस्थित आधुनिक समाज डेन्टल केयर प्रा लि मा सञ्चालन हुने महाअभियानमा दैनिक १० जना चिकित्सकहरूबाट निःशुल्क मुख परिक्षण र मुख स्वास्थ्यसम्बन्धी प्रशिक्षण दिइने अभियानकर्ता अमृत भुसालले बताए । चिकित्सकहरूका अनुसार मुख स्वास्थ्य उपचारले शरीरमा लाग्ने ५० प्रतिशत रोगलाई न्यूनीकरण गर्न सकिन्छ ।

# खुद्रा किराना व्यवसायीले मनाए तिज

बुटवल । खुद्रा किराना व्यवसाय सङ्घ रुपन्देहीको आयोजनामा तिज मिलन तथा दरखाने कार्यक्रम सम्पन्न भएको छ ।

महिलाको महत्वपूर्ण पर्व तिजलाई सांस्कृतिक उत्सवका रूपमा मनाउन तथा आपसी सद्भाव बढाउनका लागि यो कार्यक्रम गरिएको हो ।

कार्यक्रममा प्रमुख अतिथिका रूपमा जेष्ठ नागरिक बाटुला भण्डारी उपस्थित रहेकी थिइन् । ८० वर्षीया उनले आफ्नो समयमा गाउने गीतहरु सुनाउँदै पहिलेको परम्परालाई जोगाउँदै जानुपर्ने बताइन् ।

सो अवसरमा सङ्घका संस्थापक अध्यक्ष टिकाराम गैरे, पूर्व अध्यक्ष कमला गौतम, सल्लाहकार कृष्ण पान्डे, पूर्व अध्यक्ष मोहन बस्याललगायतले बोल्दै तिज पर्वको मौलिकता संरक्षण गर्नुपर्ने बताएका थिए ।

सङ्घका अध्यक्ष महेन्द्र पोखरेलले कार्यक्रमको अध्यक्षता गरेका थिए भने उपाध्यक्ष राधा आचार्यको स्वागत तथा महासचिव दधिराम ज्ञावालीले स्वागत तथा सञ्चालन गरेका थिए ।

कार्यक्रममा सहभागी वक्ताहरुले तिजलाई नारीहरूको अधिकार, समानता र संस्कृति जोगाउने पर्वका रूपमा प्रस्तुत गर्नुपर्नेमा जोड दिएका थिए । साथै, किराना व्यवसायीहरूको ऐक्यबद्धता, संगठन सुदृढीकरण र सामाजिक उत्तरदायित्वका विषयमा पनि छलफल गरिएको थियो ।

# पाल्ही बहुमुखी क्याम्पस विद्यार्थीको आकर्षण केन्द्र बन्दै

**गौरीशंकर जयसवाल**

*परासी*

सामुदायिक क्याम्पस भन्नासाथ पढाइ कमजोर हुन्छ, भन्ने बुझाइका कारण धेरै अभिभावक निजी क्याम्पसप्रति आकर्षित छन् । तर पछिल्लो पटक शैक्षिक गुणस्तर सुधार गर्दै सामुदायिक क्याम्पस पनि अब्बल बनिरहेका छन् ।

धेरै सामुदायिक क्याम्पस निजी क्याम्पसलाई चुनौती दिने अवस्थामा पुगेका छन् । यसको जीवन्त उदाहरणको रुपमा पश्चिम नवलपरासीको रामग्राम नगरपालिका-४ स्थित जितपुरमा रहेको पाल्ही बहुमुखी क्याम्पस यतिबेला विद्यार्थी आकर्षणको केन्द्र बनेको छ । क्याम्पसले गुणस्तरीय शिक्षा दिँदै उत्कृष्ट नतिजा ल्याउन थालेपछि विद्यार्थीको चाप ह्वात्तै बढेको क्याम्पस सञ्चालक समितिका अध्यक्ष राधेश्याम पाठकले बताए ।

यो जिल्लाकै अब्बल र क्याम्पस रुपमा स्थापित हुन थालेको छ । उनले पहिला यस क्याम्पसमा न्यून विद्यार्थी संख्या रहेको थियो, तर पछिल्लो समयमा यस क्याम्पस विद्यार्थीको चाप बढै गएको तथा कक्षा कोठा प्रशस्त, शैक्षिक सत्र २०८१ मा बीबीएस र बीएडमा उच्च शैक्षिक नतिजा राम्रो ल्याउन सफल भएको बताए ।

पहिला २ दुई सय ५० जना विद्यार्थी यस क्यापम्समा थिए, अहिले चार सय ८० जना विद्यार्थी पठनपानठ गर्दै आएको पाठकले बताए । यस क्याम्पसलाई भौतिक पूर्वाधारमा प्रदेश सांसद, प्रदेशका मन्त्रीहरुले बजेट वडाध्यक्ष समेत गरी भौतिक पूर्वाधार र खेल सामग्रीलगायतको क्षेत्रमा समेत सहयोग उपलब्ध गराएको यसअघि रामग्राम नगरपालिका पूर्व मेयरको पालामा धेरै भौतिक क्षेत्र वा बस पनि उपलब्ध भएको अध्यक्ष पाठकले बताए ।

उनले भने-'क्याम्पसमा विद्यार्थी संख्या ह्वातै बढेको छ भने गुणस्तर शिक्षा पनि प्रदान हुँदै आएको र नतिजा पनि उत्कृष्ठ आउन थालेको छ । क्याम्पसमा २१ जना प्राध्यापक र कर्मचारी गरी २७ जना कार्यरत छन् ।'

क्याम्पसमा स्नातक तह र स्नातक तह व्यवस्थापनमा पठनपाठन हुने गरेको क्याम्पस प्रमुख दिपक अर्यालले जानकारी दिए । उनको अनुसार भौतिक पूर्वाधार, १३ वटा कक्षा स्मार्ट बोर्ड, सूचना कम्प्युटर ल्याब तथा प्राविधिका कक्षाहरु सञ्चालन भईरहेको र वातावरणलगायतका कारण क्याम्पस अब्बल बन्दै गएको छ । क्याम्पसमा ७६ प्रशित छात्रा र २४ प्रतिशत छात्रहरुले पठनपाठन गर्दै आएका छन् ।

खास गरी उक्त क्याम्पसमा ग्रामीण क्षेत्रका विद्यार्थी आर्थिक क्षेत्र कमजोर भएका विद्यार्थीहरु आउने गरेका छन् । यस क्याम्पसमा रामग्राम नगरपालिका, सुनवल नगरपालिका पाल्हीनन्दन, सरावल, प्रतापपुर गाउँपालिका र छिमेकी जिल्लाका विद्यार्थीहरु आउने गरेको क्याम्पस प्रमुख अर्यालले जानकारी दिए । ४० जना विद्यार्थीलाई २४ लाख बराबरको छात्रवृत्ति प्रदान गरेको क्याम्पसले जनाएको छ । उक्त क्याम्पस क्यूएए प्राप्तिको प्रकृयामा रहेको छ ।

२०४६ सासल १२ मा त्रिभुवन विश्वविद्यालयाट सम्बन्धन प्राप्त गरी २०४६ साल असोज २ गते स्थापना भएको नवलपरासीको सबैभन्दा पुरानो क्याम्पसको रुपमा परिचित रहेको पाल्ही बहुमुखी क्याम्पसको रुपमा रहेको छ । कुल ७ बिगाह ८ कट्ठा १५ धुरमा जग्गा क्याम्पस अवस्थित रहेको छ ।

# होटल व्यवसायीहरूले मनाए तिज




बुटवल । होटल तथा रेष्टुरेण्ट व्यवसायी संघ रुपन्देहीको आयोजनामा तिज मिलन कार्यक्रम सम्पन्न गरेको छ । वर्षभरि आफ्नो व्यवसायमा व्यस्त रहने व्यवसायी महिलाहरुबिच शुभकामना आदानप्रदान तथा नाचगान गरी मनाएका हुन् ।

कार्यक्रमको उद्घाटन गर्दै बुटवल उपमहानगरपालिकाका उप-प्रमुख सावित्रादेवी अर्यालले तिजको महत्वलाई फरक ढंगबाट अपब्याख्या गरिएकोमा दुखेसो व्यक्त गरिन् । पार्वतीको विद्रोहको कथा र व्रतको कारण श्रीमानको आयु नभई आफ्नै आयु बढ्ने कुरा तिजको सन्देश दिने उनले बताइन् ।

तिज एउटा संघर्षको दिनका रुपमा रहेको भन्दै उनले यो दिनलाई शुभकामना र मिठो खाने र नाच्ने दिनका रुपमा मनाउनुपर्ने बताइन् । गीतको माध्यमबाट अधिकार स्थापित गर्न, अधिकार प्राप्ति गर्न सफल भएको उनले दाबी गरिन् ।

कार्यक्रम संयोजक मैनादेवी आचार्यले तिजको शुरुवातबारे प्रकाश गर्दै महिला अधिकारको विषयबारे प्रकाश पारिन् ।

समयसापेक्ष तिज मनाउने प्रचलन परिवर्तन भएको भन्दै उनले अब महिला अधिकारभन्दा माथि उठ्ने बेला आएको जनाइन् ।

कार्यक्रममा यक ब्रुअरी कम्पनी, यति डिष्ट्रिलरीका डिपुटी म्यानेजर प्रितम गिरिले स्वदेशमा नै गुणस्तरीय पेय पदार्थ उत्पादन गरी निर्यात गर्न सफल भएको बताए ।

व्यवसायमात्र नभई सामाजिक उत्तरदायित्वमा समेत आफूहरु लागेको भन्दै उनले १७ देशमा पेयदार्थ तथा १४ देशमा वियर निर्यात हुँदै आएको उनले बताए । पर्यटन व्यवसायमा रहेका ६ सय व्यवसायीहरु फैक्ट्री भ्रमण गराउने समेत योजना रहेको उनले बताए ।

कार्यक्रम अध्यक्ष माधवकुमार खनालले संघको वार्षिक कार्यक्रमअन्तरगत तिजमा महिला व्यवसायीहरुलाई दर खुवाउने परम्परालाई निरन्तरता दिएको बताए ।

कार्यक्रममा प्रमुख सल्लाहकार माधवप्रसाद नेपाल, निवर्तमान अध्यक्ष लेखनाथ भण्डारी, सल्लाहकार तथा प्रदेश अध्यक्ष महेन्द्र श्रेष्ठ, सल्लाहकार समुन्द्र जिसी, संघका वरिष्ठ उपाध्यक्ष अर्जुन थापा, महासचिव केशव कंडेल, कोषाध्यक्ष अर्जुन पोखेरलले शुभकामना दिएका थिए ।

# 'संस्कृति संरक्षणमा जोड दिऔं'




बुटवल । मौलिक पर्व तिजलाई संस्कृतिको रूपमा मनाउनुपर्ने सरोकारवालाहरूले बताएका छन् । सञ्चारिका समूह रूपन्देही नेपालले आयोजना गरेको हरितालिका तिज संस्कृति संरक्षण तथा पर्यटक प्रवर्धनका लागि महिला पत्रकार अन्तरक्रिया तथा दर खाने कार्यक्रममा बोल्ने वक्ताहरूले तिज पर्वमा विकृति फैलन नदिन संस्कृति संरक्षणमा ध्यान दिनुपर्ने उल्लेख गरेका हुन् ।

कार्यक्रममा बोल्दै नेपाली कांग्रेस लुम्बिनी प्रदेशसभाका प्रमुख सचेतक जमुना ढकालले महिलाहरुको अवस्था परिवर्तन भए पनि नेतृत्वमा पुग्ने अवस्था कमजोर भएको बताउँदै तिजले दुःख सुखका मर्म साट्ने चौतारोको रुपमा काम गर्ने बताइन् ।

तिज पर्व भड्किलो भयो भनिरहँदा तिजमा मौलिकतामाथि प्रश्न उठिरहँदा दसैंदेखि तिहारसम्म पुरुषहरुले गर्ने रमाइलोलाई के भनेर प्रश्न गर्ने त भनेर समेत उनले प्रश्न गरिन् । हाम्रा चाडपर्वमा केही कुरीतिहरू र विकृतिहरू भित्रिएका होलान् ती विकृतिहरूलाई हामी सबैले मिलेर परिमार्जित गर्नुपर्ने उनले बताइन् ।

कार्यक्रममा सिद्धार्थ नगरपालिका उप-प्रमुख उमादेवी अधिकारीले हरेक कुरामा सकारात्मक र नकारात्मक दुबै पक्ष हुने भए पनि सकारात्मक पक्षलाई आत्मसाथ गर्नुपर्ने बताइन् । उनले हाम्रा चाडपर्वले आर्थिक चलायमान बनाउने र विकृति होइन संस्कृतिलाई जगेर्ना गरिरहेको बताइन् । पर्वको नाममा महिलाहरूलाई बाँध्ने कुरुती हटाउन आवश्यक रहेको उनले बताइन् ।

यसैगरी कार्यक्रममा नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य रामराज पोखरेलले हिजो हामीले मान्दै आएको चाडपर्व र अहिले मान्दै गरेको चाडपर्व सबै नराम्रा भन्न नमिल्ने बताए । उनले हरेक पर्वले पर्यटनसँग सम्बन्धित छ र हरेक पर्वले हाम्रो संस्कृति जगेर्ना गरिरहेको बताए ।

सञ्चारिका समूह लुम्बिनी प्रदेश अध्यक्ष अमृता अनमोलले तिज पर्वमा महिलाहरु बाहिर निस्किंदा अनावश्यक टिकाटिप्पणी उठ्ने गरेको तर्क गरिन् । उनले अहिले धेरैले मौलिकताको अर्थ नबुझ्दा धेरै समस्या रहेको उल्लेख गरिन् ।

नेपाल पत्रकार महासङ्घ लुम्बिनी प्रदेश उपाध्यक्ष रामप्रसाद आचार्यले तिज पहिले पनि र अहिले पनि समीक्षाको विषय भएको बताए । उनले हामीले मनाउँदै आएका हरेक पर्वमा कहीं न कहीं विकृति भित्रिएको र यस विकृतिलाई एकल प्रयासले मात्रै सम्भव नभएको र यसमा सबैले सुधार गर्नुपर्ने जरुरी रहेको बताए ।

यसैगरी कार्यक्रममा नेपाल पत्रकार महासङ्घ रूपन्देहीका अध्यक्ष दिनेश पाण्डेले हाम्रा सबै चाडपर्व पर्यटन मैत्री रहेको बताए । जसले गर्दा देशको अर्थतन्त्र पनि चलायमान हुने र हाम्रो संस्कार र संस्कृतिको पनि प्रवर्धन भएको जिकिर गरे ।

सञ्चारिका समूह रूपन्देहीका निवर्तमान अध्यक्ष नीरु गौतमले तिजलाई महोत्सवको रुपमा अगाडि बढाउन सकियो भने पर्यटन भित्र्याउन सकिने उल्लेख गरिन् । यसले आर्थिक चलायमान पनि हुने र विदेशी पर्यटनलाई नेपाली संस्कृतिप्रति रुचि पनि रहने र जसले पर्यटक पनि भित्रिन सक्ने उनले बताइन् ।

कार्यक्रममा क्रियाशील महिला पत्रकार रूपन्देही संस्थापक अध्यक्ष भगवती पाण्डेले सजिलो र सुविधा सम्पन्नका लागि अहिले होटल पार्टी प्यालेसमा तिज गीत गाएर तीज पर्व मनाउने गरिएको बताइन् । यसलाई विकृतिको रुपमा नलिनको लागि अनुरोध गरिन । सञ्चारीका समूह रुपन्देहीका अध्यक्ष मीना ढकालको अध्यक्षता तथा महासचिव छायाँ पन्तको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।


## आकर्षक डिजाइन तथा छपाई

**सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !**

**आइडिया डिजाइनर्स/अफसेट प्रेस**

**सम्पर्क:**
बुटवल–७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com



## प्राथमिक उपचार

**उद्देश्य:**

- जीवन बचाउनु,
- दुखाइ न्यूनिकरण गरी निको हुन सहयोग गर्नु,
- अचेत अवस्थालाई सुरक्षित बनाइ मनोबल बढाउनु,
- चोट वा घाउको अवस्था बिग्रन नदिनु ।

**कस्तो अवस्थामा के गर्ने:**

- सफा कपडाले रगत बग्नबाट रोक्ने,
- पोलेमा चिसो पानीले धुने र सफा चिसो कपडाले ढाक्ने,
- अचेत भएमा श्वासप्रश्वासमा निरन्तरता दिन प्रयास गर्ने,
- हड्डी भाँचिएमा नहल्लाइ अस्पताल लैजाने,

**प्राथमिक उपचारका लागि आवश्यक पर्ने: ब्याण्डेज, टेप, सैजिंकल ग्लोब्स, थर्मोमिटर, कैंची तथा अन्य आधारभूत औषधिहरु घरमा राखौं ।**

नेपाल सरकार विज्ञापन बोर्ड


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com